# परिच्छेद एक :
# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानव सभ्यताको सुरुवात सँगै शिक्षा प्रदान गर्ने क्रमको जब थालनी भयो त्यसै बेला देखि सिकारुहरूको इच्छा, आकांक्षा मुताविक होइन कि सिकाउने व्यक्तिको चाहना, रुचि र उसैले नै निर्धारण गरेका आवश्यकताका शिक्षा दिन थालेको पाइन्छ । जीवन धान्न तथा दैनिक व्यवहार सञ्चालन गर्न आवश्यक पर्ने ज्ञान, सीप र धारणा प्रदान गर्नु नै शिक्षाको मुख्य उद्देश्य हो । त्यस समयमा यही मात्र आवश्यकताको विषय थियो । यसरी हेर्दा शिक्षा प्रदान गर्ने कार्य अति रूखो र कठिनतम कार्य नै हो । नेपालमा पनि आधुनिक विद्यालय शिक्षाको सुरुवात हुनुपूर्व हिन्दू र बौद्ध शिक्षा प्रदान गर्ने उद्देश्यले विभिन्न गुरुकुल, आश्रम र विहारहरू शिक्षा प्रदान गर्ने संस्थाका रूपमा सञ्चालन भएको पाइन्छ । त्यस समयमा सिकारुहरूले गुरुको सेवा गर्नुपर्ने कार्यलाई नै प्रधानता दिइएको थियो । व्यवस्थित कक्षाकोठाको अवधारणाको विकास नै नभईसकेको उक्त समयमा गुरूहरु कक्षाकोठालाई व्यवस्थित गर्नुमा भन्दा विद्यार्थीहरूलाईकडा अनुशासनको दायरामा ल्याउन, आदेश, निर्देशन दिने कुरामा बढी जोड दिने गर्दथे । जब वि.स. १९१० सालमा दरबार हाइस्कुलको स्थापना भयो । त्यसपछि मात्र नेपालमा आधुनिक विद्यालय शिक्षाको सुरुवात भयो । त्यस समयमा पनि बालमैत्रीपूर्ण वातारणभन्दा पनि पुरानो मान्यता अनुसार नै शिक्षण कार्य सञ्चालन भएको देखिन्छ ।

दोस्रो विश्वयुद्ध पश्चात् धेरै बालबालिकाहरूको जीवन अन्धकार भएको परिप्रेक्षमा सन् १९२३ मा एग्लैन्टाइन जेवले बालअधिकार सम्बन्धी अगाडि सारेको अवधारणाले ६६ वर्ष पछि वा सन् १९८९ मा मात्र बालअधिकार महासन्धिको रूपमा मूर्त रूपमा लियो । सन् १९८९ नोभेम्बर २० का दिन संयुक्त राष्ट्रसंघीय महासभाद्वारा बालअधिकार महासन्धि पारित भए पछि सन् १९९० सेप्टेम्बर १४ मा नेपालले पनि उक्त बालअधिकार महासन्धीलाई अनुमोदन गऱ्यो । यसरी बालबचाउ, बाल संरक्षण, बाल सहभागिता र बाल विकासलाई सुनिश्चित गर्ने तर्फ विश्व नै उन्मुख हुन थाल्यो । यसै सन्दर्भमा सिकाई प्रक्रियामा बालमैत्री अवधारणा सम्बन्धित विषयमा बेलायती नागरिक प्रो. बाल्सले "Criteria of the child Friendlyness" नामक कार्यपत्र सन् १९९५ मा प्रस्तुत गरे ।

सन् १९९६ मा थाइल्याण्डमा "Thailand Child Friendly Programme" Save the Children (US) ले सुरु गरे पछि बालमैत्री विद्यालयको अवधारणा पहिलो पटक कार्यान्वयनको तहमा उत्रियो । यस कार्यक्रममा शिक्षक, विद्यार्थी, अभिभावक र स्थानीय समुदायका व्यक्तिहरू समेतको सहभागितामा थाइल्याण्डका २८ वटा विद्यालयहरू र बालबालिकाहरूका आवश्यकताहरू पहिचान गर्ने काम गरियो । यी नै सम्पूर्ण सरोकारबालाहरूको संलग्नतामा नै ती सम्पूर्ण विद्यालयहरूको विद्यालय सुधार योजना ९क्षए० निर्माण गरेर कार्यान्वयन गरियो । उक्त विद्यालय सुधार योजनाको अवधि सन् १९९६ देखि सन् १९९९ सम्म चार वर्षको रहेको थियो । यी २८ वटा विद्यालयहरूले बनाएका विद्यालय सुधार योजनाहरू प्रभावकारी रहे र यसको प्रभाव अन्य मुलुकहरूमा समेत क्रमशः प्रसारित हुन पुग्यो ।

नेपालको सन्दर्भमा बालमैत्री अवधारणाको प्रयोग लगभग त्यसै समयदेखि नै भएको देखिन्छ  सन् १९९९ मा Save the Children (US) को सहयोग र सक्रियतामा कञ्चनपुर जिल्लाका झलारी, पिपलारी लेखेतमुलारी तीन गा.वि.स.का १० विद्यालयहरूमा पहिलो पटक बालमैत्री कक्षाकोठाको अवधारणालाई प्रयोग गरिएको थियो । यसै गरी सन् २००० मा Save the Children (US) कै सक्रियतामा सिराहा जिल्लाका असनपुर, लालपुर र फलकाकट्टी गा.वि.स.का तीन विद्यालयहरूमा यो अवधारणालाई विस्तार गरियो ।

वि.स. २०६४ सम्ममा युनिसेफ नेपाल र नेपाल सरकारको संयुक्त सहयोगमा काभ्रे जिल्लाका २६ वटा विद्यालयहरूमा कक्षा १–३ सम्म, ७९ विद्यालयहरूमा कक्षा १–२ सम्म र ६२ विद्यालयहरूमा कक्षा १ मा यस अवधारणा अनुसार कक्षा सञ्चालनमा ल्याइएको छ भने वि.सं. २०६५ देखि Save the Children (Norway) को सहयोगमा पनि यस्ता कक्षाहरू सञ्चालन छन् । यसैगरी Save the Children (Norway) कै सहयोगमा सनुसरी, सप्तरी, सिराहा, उदयपुर आदी जिल्लाहरूमा बालमैत्री कक्षाहरू सञ्चालन गरिदै आएको छ।

Save the Children (Norway) र नेपाल शिक्षक युनियनको सहकार्य र शिक्षा विभागको समन्वयमा बालमैत्री विद्यालय शिक्षक – प्रशिक्षण पुस्तिका २०६२ तयार गरिएको छ । साथै विभिन्न जिल्लाका शिक्षकहरू तथा वि.नि.हरूलाई बालमैत्री कक्षाकोठाको अवधारणा विद्यालयमा प्रयोग सम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन भइरहेको छ । यसबाट यो कार्यक्रम नेपाल भर नै

कार्यान्वयन गर्ने क्रममा रहेको छ भन्न सकिन्छ । नेपाल को अन्तरिम संविधान २०६३ (आठौं संशोधान, २०६७) मा व्यवस्थित बालबालिका सम्बन्धी मौलिक हक, बालअधिकार सम्मेलन १९८९ मा नेपालले गरेको अनुमोदन, बालबालिका सम्बन्धि ऐन, कानुन सबैका लागि शिक्षा र सहस्राब्दी विकास लक्ष्यमा नेपालले जनाएको प्रतिबद्धता र उक्त प्रतिबद्धताका लागि गरिएका प्रयासहरूको पृष्ठभूमिका बालमैत्री विद्यालयको अवधारणा कार्यान्वयन आएको छ । दण्डरहित सिकाइ, सम्मानका साथ सिकाइ, विद्यालय क्षेत्र सुधार र विद्यालय क्षेत्र सुधार योजनामा उल्लेखित विद्यालयको न्यूनतम वातावरण तथा मापदण्डले समेत विद्यालयलाई बालमैत्री बनाउनु पर्नेमा जोड दिएको छ ।

यसप्रकार हिजोआज कक्षाकोठा व्यवस्थापन गर्दा बालबालिकाको रुची, चाहना, आवश्यकता, उमेर, तह, बौद्धिक स्तर आदि पक्षहरूमा पनि ध्यान पुऱ्याउँदै कक्षाकोठालाई बालमैत्रीपूर्ण बनाउनु पर्ने अवधारणाको विकास हुन थालेको छ ।

## १.२ समस्याको कथन

बालमैत्री कक्षाकोठाको अवधारणालाई प्रत्येक विद्यालयमा विस्तार गर्दै लैजानु पर्ने आजको चर्को आवश्यकता नै हो । विद्यालयहरूमा उपयुक्त किसिमको मैत्रीपूर्ण शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन नगरीएको कारण आज विद्यालयहरू बालमैत्रीपूर्ण बन्न सकिरहेका छैनन् । बालबालिकाहरू सन्त्रासपूर्ण वातावरणमा पढ्न बाध्य छन् । घरबाट विद्यलाय जाँदा बालबालिकाहरूलाई रुँदै–रुँदै जान्छन् अर्थात् अभिभावकहरूलाई आफ्ना बालबालिकाहरूलाई विद्यालय पठाउन मुस्किल पर्ने गर्दछ भने विद्यालयमा छुट्टीको घण्टी बज्ना साथ बालबालिकाहरूलाई खुसीसाथ रमाउदै पिँजडाबाट फुत्किएका चरा जस्तै घर आइपुग्दछन् । यस्तो स्थितिको सिर्जना हुनुमा को बढी जिम्मेवार छ, शिक्षक ? अभिभावक ? वा विद्यार्थी स्वयम् ? पक्कै पनि शिक्षक नै बढी जम्मेवार देखिन्छ । शिक्षकले कक्षाकोठामा सञ्चालन गरेको शिक्षण सिकाई क्रियाकलाप, कक्षा व्यवस्थापन र विद्यालयको वातावरण जिम्मेवार रहेको छ । विद्यार्थीहरूलाई रमाइलो लाग्ने, पढुँ–पढुँ लाग्ने खालको वातावरण कक्षाकोठामा व्यवस्थापन गर्न सकिएको छैन् । शिक्षकहरूले विभिन्न समारोहहरूमा देखावटी रूपमा लाठी भाँच्ने गरेका भए पनि अझ सम्म यथार्थमा भने लाठी फ्याक्न सकिरहेका छैनन् । कक्षाकोठामा प्रवेश गर्दा साथमा लाठी लाने प्रवृतिले कक्षाकोठामा हुने डर,

त्रासदीपूर्ण वातावरणलाई मलजल गर्ने कार्य भईरहेको छ। यसमा निम्न समस्याका प्रश्नहरु उत्पन्न हुन्छन् :

(क) बालमैत्री कक्षाकोठा व्यवस्थापनले बालमैत्री कक्षाकोठा व्यवस्थापनले कस्तो बालकको सिकाई अवस्थामा कस्तो प्रभाव पारेको छ ?

(ख) बालमैत्री कक्षाकोठाको व्यवस्थापनले शिक्षकलाई तालिममा सिकेका कुरा उपयोग गर्न कतिको सहयोग पुगेको छ ?

(ग) बालमैत्री कक्षाकोठा व्यवस्थापनले अभिभावक वर्गले के कस्तो अनुभव गरेको देखिन्छ ?

## १.३ अध्ययनको औचित्य

आज पनि अधिकांश विद्यालयहरूमा परम्परागत शैली अपनाएर नै शिक्षण–सिकाई क्रियाकलाप सञ्चालन भईरहेको अवस्था विद्यमान छ। स्वयम् अभिभावकहरूले पनि आफ्ना बालबालिकाहरूलाई "कुटी–कुटी पढाउनु है" भनेर वा "यो फटाहा छ, स्कुल पठाए पछि तह लाग्छ" भन्ने सोच राखेर विद्यालय पठाउने प्रचलन कायम छ भने विद्यालयमा पनि शिक्षकले ऋजबपि, त्बपि बलम क्तष्अप पद्धति अपनाएर पढाउने चलन अझै कायम छ। कक्षाकोठामा आफूले जति नियन्त्रित र त्रासदीपूर्ण वातावरण कायम गर्न सकियो उति आफू प्रभावशाली शिक्षक भइन्छ भन्ने मानसिकताबाट अझ पनि हाम्रा विद्यालयहरूका शिक्षकहरू गुज्रिरहेको अवस्था छ। यो सोच, मानसिकता अनि शिक्षण पद्धतिमा क्रान्तिकारी परिवर्तनको खाँचो छ। यसका लागि एकातर्फ बालमैत्री विद्यालय र कक्षाकोठाको अवधारणा प्रतिको सचेतना अभिवृद्धि गर्न आवश्यक छ भने अर्को तर्फ प्राथमिक शिक्षामा देखिएका पहुँच, नियमितता तथा गुणस्तरीयता सम्बन्धी समस्याहरूलाई निर्मुल पार्नु पर्ने जरुरत छ। विद्यालय प्रति बालबालिकाहरूलाई आकर्षित गर्न कक्षाकोठालाई रुचिपूर्ण बनाउन शिक्षणसिकाई क्रियाकलापमा प्रभावकारी र सान्दर्भिकता ल्याउन, बालबालिकाहरू प्रति शिक्षकले गर्ने व्यवहार सहभागितामूलक, समतामूलक र मैत्रीपूर्ण बनाउन, विद्यालयमा दण्ड र भयरहित वातावरण सिर्जना गर्न र बालअधिकारको संरक्षण गर्न, कुनै पनि विद्यालयले सञ्चालन गर्नुपर्ने शैक्षिक क्रियाकलापहरू यस अध्ययनको निष्कर्ष स्वरूप प्राप्त हुनेछन्। त्यसका आधारमा बालमैत्री कक्षाकोठा के हो ? यसका विशेषताहरू के –के हुन्छन् ? बालमैत्री कक्षाकोठामा कसरी शिक्षण सिकाई क्रियाकलापलाई रुचि पूर्ण बनाउन सकिन्छ ? भन्ने जस्ता सवालहरूको सन्दर्भमा अध्ययन अनुसन्धान गर्न नितान्त आवश्यक भएको छ। त्यसकारण सम्पूर्ण विद्यालयका सेवा क्षेत्रभित्रका

बालबालिकाहरूलाई विद्यालय प्रतिको आकर्षण बढाउन, विद्यालय प्रवेश गरेका सम्पूर्ण बालबालिकाहरूलाई विद्यालयमा नियमित गराएर तह पार गर्ने समय सुनिश्चित गर्न, शिक्षण सिकाइ क्रियाकलाप रुचिपूर्ण र अर्थपूर्ण बनाई गुणस्तरीय शिक्षा प्रदान गर्न आवश्यक पर्ने विद्यालयले सञ्चालन गर्ने सिकाई क्रियाकलापको निक्यौंल गर्न यस अनुसन्धानको प्राप्ति उपयोगी हुनेछ । यो विषय यति महत्वपूर्ण हुँदा हुँदै पनि आज सम्म बालमैत्री कक्षाकोठा व्यवस्थापनको क्षेत्रमा त्यति धेरै अध्ययन अनुसन्धान गरिएको पाइएन । त्यसैले यो नवीन विषयमा अध्ययन गरी ठोस निष्कर्ष प्रत्युत्पादन गर्नु नितान्त सान्दर्भिक र औचित्यपूर्ण ठानेको छु ।

आगामी समयमा यस विषयमा अध्ययन अनुसन्धान गर्नेहरूका लागि यो एक महत्वपूर्ण स्रोत सामग्रीको रूपमा रहनेछ । शैक्षिक योजनाकारका लागि यो अध्ययन अनुसन्धानले शैक्षिक योजना निर्माणमा सहयोग पुऱ्याउनेछ । त्यसै गरी पाठ्यक्रम निर्माताहरूका लागि समेत पाठ्यक्रम निर्माण कार्यमा यस अध्ययनले आवश्यक विषयवस्तु छनौटमा सहयोग पुऱ्याउनेछ । शिक्षकलाई कक्षाकोठा व्यवस्थापन गर्ने, शिक्षण गर्ने क्रममा समेत नयाँ–नयाँ प्रविधिहरू प्रयोग गर्ने गराउन यस अध्ययनले मद्दत गर्नेछ । नीति निर्माणहरूकर्ताहरुका लागि पनि शैक्षिक नीति निर्माण गर्ने क्रममा यो अध्ययन उपयोगी हुनका साथै शिक्षण सिकाइको क्षेत्रमा एक नयाँ अवधारणा यस अध्ययन अनुसन्धानले प्रस्तुत गर्नेछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

क) बालमैत्री कक्षाकोठा व्यवस्थापनको वर्तमान अवस्था पत्ता लगाउनु,

ख) बालमैत्री कक्षाकोठा व्यवस्थापन बारे सरोकारबालाहरूको धारणा खोजी गर्नु,

ग) बालमैत्री कक्षाकोठा व्यवस्थापन विद्यार्थीहरूले प्राप्त गरेका अनुभवहरू विश्लेषण गर्नु,

घ) बालमैत्री कक्षाकोठा व्यवस्थापनमा भएका समस्याहरू पहिचान गरी समस्या समाधानका उपायहरू खोजी गर्नु,

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यस अध्ययनका अनुसन्धानात्मक प्रश्नहरू निम्नानुसार रहेका छन् :

क) कस्तो कक्षाकोठा बालमैत्री कक्षाकोठा बन्न सक्दछ ?

ख) बालमैत्री कक्षाकोठा व्यवस्थापन सम्बन्धी प्र.अ., शिक्षक, स्रोतव्यक्ति, वि.व्य.स. अध्यक्ष, अभिभावक आदिको धारणा कस्तो छ ?

ग) बालमैत्री कक्षाकोठा व्यवस्थापनको विषयमा के–कस्तो अध्ययन अनुसन्धान भएका छन्?

घ) बालमैत्री कक्षाकोठा व्यवस्थापनका क्रममा के–कस्ता समस्याहरू देखा पर्ने गर्दछन् र ती समस्याहरूलाई कसरी समाधान गर्न सकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययन अनुसन्धानलाई पूरा गर्ने क्रममा संखुवासभा जिल्लामा पर्ने चैनपुर स्रोतकेन्द्र अन्तर्गतका ३२ वटा सामुदायिक विद्यालयहरु मध्ये शोधार्थीको अवस्था तथा समय अनुसार प्रबालमैत्री अवधारणा लागू भएका ५ वटा सामुदायिक प्राथमिक विद्यालयहरूलाई नमूनाको रूपमा छनौट गरिएको छ । जसमा प्र.अ.संख्या ५, शिक्षक संख्या १०, वि.व्य.स. अध्यक्ष संख्या ५, अभिभावक संख्या ८, विद्यार्थी संख्या १० र स्रोतव्यक्ति १ जनालाई नमुनामा छनौट गरिएको छ ।

## १.७ मुख्य शब्दहरूको परिभाषा

बालमैत्री वातावरण : बालबालिकाका लागि दण्ड तथा हिंसारहित परिवेशमा उनीहरूको इच्छानुसार खेल्ने, रुचि अनुसार सिक्ने तथा स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउने वातावरण नै बालमैत्री वातावरण हो ।

सामुदायिक विद्यलय : नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी स्वीकृत प्राप्त विद्यालय नै सामुदायिक विद्यालय हो ।

स्रोतकेन्द्र : समूह विद्यालयहरूका सम्पर्क कार्यालयको रूपमा काम गर्ने विद्यालयलाई स्रोतकेन्द्रको रूपमा लिइन्छ ।

शैक्षिक सामग्री : शिक्षण सिकाई क्रियाकलापमा प्रयोग हुने सम्पूर्ण सामग्रीलाई शैक्षिक सामग्री भनिन्छ ।

# परिच्छेद दुई :

# सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

यस शोध अध्ययनका लागि लिइएको शीर्षक नितान्त नै नवीन विषय वस्तु सँग सम्बन्धित छ । बालमैत्री कक्षाकोठा व्यवस्थापन सँग सम्बन्धित लेख, रचना, प्रतिवेदन जस्ता सम्बन्धि साहित्यहरू भेट्नु त्यति सहज कार्य होइन । यस शोध कार्यलाई पूरा गर्ने क्रममा यहाँ केही सम्बन्धित साहित्य र सैद्धान्तिक खाकाहरूको पुनरावलोकन गरिएको छ ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

समयको अन्तराल सँगै विभिन्न क्षेत्रहरूमा आएको परिवर्तनबाट शिक्षा क्षेत्र पनि अछुतो रहन सकेन । शिक्षा लिने र दिने परिपाटीमा पनि समयको गति सँग सँगै नयाँ–नयाँ प्रविधिहरूको आगमन र प्रयोग भएको पाइन्छ । बालमैत्री कक्षाकोठा व्यवस्थापन पनि शिक्षा क्षेत्रमा आएको एक नयाँ अवधारणा हो । यस विषयमा व्यापक अध्ययन अनुसन्धान भइसकेको छैन । कक्षाकोठा व्यवस्थापनको क्षेत्रमा केही व्यक्ति, संस्थाबाट अध्ययन अनुसन्धान भएका छन्, जसले बालमैत्री कक्षाकोठा व्यवस्थापनको अवधारणालाई सम्बोधन गर्ने थोर बहुत प्रयास गरेको छ । यहाँ शोध कार्य गर्दा केही लेख रचनाहरू तथा सीमित दस्तावेजहरूको समीक्षात्मक अध्ययन गरी शोध शीर्षकको अध्ययनलाई निर्दिष्ट गराउने प्रयत्न गरिएको छ ।

शिक्षाविद् Johnson and Bany का अनुसार “शैक्षिक उद्देश्यहरूका प्राप्तिका लागि समूह र कक्षाकोठाको आन्तरिक अवस्था विकसित गर्ने प्रक्रियालाई कक्षाकोठा व्यवस्थापन भनिन्छ ।” समष्टिमा कक्षाकोठा व्यवस्थापन अन्तर्गत :

(क) बसाइको व्यवस्थापन,

(ख) भौतिक व्यवस्थापन र

(ग) विद्यार्थी क्रियाकलापको व्यवस्थापन पर्दछन् ।

शर्मा (२०६८) का अनुसार विद्यार्थीहरूलाई भोलिको जीवन यापन गर्न सहज बनाउने शिक्षा प्रदान गर्न कक्षाकोठामा उपयुक्त शैक्षिक सामग्रीहरूको व्यवस्था गर्नु आवश्यक छ । विद्यार्थीहरूलाई व्यवहारिक शिक्षा प्रदान गर्न सहयोगी साधारण यन्त्र उपकरणहरू, घरायसी कामकाजमा प्रयोग हुने विभिन्न सामग्रीहरूको व्यवस्था गरी प्रयोगात्मक शिक्षण –सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिन्छ । साथै विद्यार्थीहरूलाई आँपको अवधारणा सिकाउन आँपको चित्र देखाउनुको सट्टा एउटा वास्तविक आँप नै कक्षामा प्रदर्शन गर्न सकियो भने त्यो सिकाइ धेरै प्रभावकारी बन्छ । त्यसै गरी सिकाइका क्रममा आवश्यक पर्ने अन्य सामग्रीहरूको उपयुक्त व्यवस्थापन कक्षाकोठामा हुनु पर्दछ ।

के.सी. र अन्य (२०६८) का अनुसार कक्षाकोठाको भौतिक वातावरणको व्यवस्थापन अन्तर्गत कक्षाकोठाको उचाइ न्यूनतम ९ फिट, प्रा.वि.डेस्क २२ इन्च र बेञ्च १ इन्च अग्लो, मा.वि. तथा नि.मा.वि. डेस्क २६ इन्च अग्लो र बेञ्च २२ इन्च अग्लो हुनु पर्दछ । यसका साथै कक्षाकोठामा प्रकाश, तापक्रम, पर्याप्त हावा, ओहारदोहोर गर्ने ठाउँ, सरसफाइ, शौचालय, आवश्यक सुरक्षाको व्यवस्था आदिको उपयुक्त व्यवस्थापन पर्दछन् ।

गुरागाई (२०६८) का अनुसार कक्षाकोठामा विद्यार्थी क्रियाकलापको व्यवस्थापन अन्तर्गत कक्षामा सञ्चालन हुने विभिन्न क्रियाकलापहरूमा कक्षाका  सम्पूर्ण बालबालिकाहरूलाई सहभागी बन्ने अवसर दिने, कक्षकोठाको सरसफाइ, सजावट आदि कार्यमा विद्यार्थीहरूलाई सहभागी गराउने, कक्षाकोठामा आवश्यक पर्ने शैक्षिक सामग्रीहरू विद्यार्थीहरू स्वयम्लाई तयार पार्न सघाउने, उनीहरूले तयार पारेका शैक्षिक सामग्रीहरूलाई सुरक्षित राख्ने व्यवस्था गर्ने, कक्षामा आत्मनुशासनको वातावरण निर्माण गर्न बालबालिकाहरूलाई विभिन्न कार्यको जिम्मेवारी बाँडफाँड गर्ने आदि जस्ता कार्यहरू पर्दछन् ।

कैयूम (२०६८) का अनुसार कक्षाकोठा पूर्ण रूपमा हावादार र उज्यालो हुनुका साथै विभिन्न साधनहरू, सामग्री र उपकरणहरू व्यवस्थित रूपमा राख्न यथोचित स्थान भएको हुनु पर्दछ । एउटा आर्दश कक्षाकोठा ४० जना विद्यार्थी अटाउने २०ू× ३०ू साइजको हुनु पर्दछ । स्थानीय जलवायुलाई दृष्टिगत गरी कोठाको उचाइ निर्धारण गर्नुपर्दछ । सामान्यतया १२ फिटको उचाई उपयुक्त मानिन्छ । प्रत्येक विद्यार्थीका लागि १०ू देखि १५ू वर्गफिट झ्याल, ढोकाको सङ्ख्या र आकार पनि पर्याप्त हुनुपर्दछ । कोठाको वातावरणलाई स्वच्छ राख्न छतमा पङ्खा राख्ने व्यवस्था पनि हुनुपर्छ ।

लामा र श्रेष्ठ (२०६१) का अनुसार बालमैत्री विद्यालयमा सञ्चालित शैक्षिक क्रियाकलापहरू बाल सुलभ, हितकारक, सिकाई उपलब्धि सँग सम्बन्धित र रमणीय हुनुपर्छ भन्ने मान्यता राखिन्छ। गीत अथवा कथाले केटाकेटीको मस्तिष्कलाई सजिलै सँग छुन सक्ने हुनाले शिशु शिक्षा र बला सिकाईका प्रक्रियामा कथा भन्नु र गीत सुनाउनुलाई अत्यन्त प्रभावकारी एवम् सफल पद्धतिको रूपमा लिइन्छ। त्यसैगरी कक्षामा शिक्षकले आफ्नो बालबालिकाहरूलाई सधै धनात्मक पुनर्वलको प्रयोग गर्नुपर्छ। हरेक सही क्रियाकलाप गरेमा एउटा सकारात्मक पुरस्कार (स्यावासी, धन्यवाद, प्रशंसा आदी) दिनाले विद्यार्थीहरू ठूलो सफलता प्राप्त भएको महसुस गर्दछन्।

शिक्षा विभाग (२०६२) का अनुसार प्रत्येक विद्यालयको वातावरण बालमैत्रीपूर्ण हुनुपर्छ, तर यो कार्य सजिलो छैन किन भने परम्परालाई भत्काएर नयाँ सोच र धारणाको साथ मित्रवत शिक्षक बनेर मैत्रीपूर्ण शिक्षण–सिकाई क्रियाकलापमा आफू समेत सहभागी बन्नु पर्ने हुन्छ। शिक्षकले आफू गुरु बनेर होइन सहजकर्ता बनेर वा विद्यार्थीको एक असल र योग्य साथी बनेर सहयोग गर्न सक्नु पर्दछ। शिक्षकको कार्य विद्यार्थीहरूमा उत्प्रेरण जगाई सक्रिय र सहभागीतात्मक शिक्षण–सिकाइ क्रियाकलापको प्रयोग गर्न, बाल रुचि अनुसार उनीहरू सँग व्यवहार गर्न शिक्षक प्रयत्नरत रहनु पर्दछ।

शिक्षा मन्त्रालय (२०६६) ले तयार पारेको 'विद्यालय क्षेत्र सुधार योजना' नामक लेखमा प्रत्येक कक्षामा विद्यार्थीको उमेर र उचाइ अनुसारको आफ्नै फर्निचर व्यवस्था हुनुपर्दछ भने कोठाको भुइँको व्यवस्था पनि उमेर समूहका लागि सुहाउने हुनुपर्दछ। हरेक कक्षाकोठामा एउटा पुस्तक राख्ने र्‍याक, शिक्षकका लागि लेख्ने कोलो/सेतो पाटी, शैक्षिक सामग्रीको भण्डारका लागि एउटा दराज, प्रदर्शनको व्यवस्था र सबै विद्यार्थीका लागि पुग्ने सङ्ख्यामा पर्याप्त डेक्स र बेन्चहरू हुनु पर्दछ भनी उल्लेख गरेको छ।

कुशियैत (२०६६) द्वारा विद्यार्थीहरू किन बीचैमा छोड्छन् पढ्न ? भन्ने शीर्षकमा डोटी र रौतहट जिल्ला भित्रका ७२ वटा सामुदायिक प्राथमिक विद्यालयहरूमा अध्ययन गरिएको थियो। उक्त अध्ययनले विद्यार्थीहरूले बीचैमा पढाइ छाड्ने एक प्रमुख कारण विद्यालयको वातावरण भएको तथ्य पत्ता लगाएको छ। प्रभावकारी र आकर्षक विद्यालय वातावरणको अभावका कारण विद्यार्थीहरूले

बीचैमा पढाइ छाड्दछन् । छनौटमा परेका अधिकांश विद्यलायहरूमा शैक्षिक सामग्रीको अभाव, बालसुलभ शिक्षण विधिको अभाव, पर्याप्त कक्षाकोठा र फर्निचरको अभाव जस्ता समस्याहरू देखिएका छन् ।

सेरिड (२००३) को प्रतिवेदनको ४१% प्राथमिक विद्यालय सँग शौचालय सुविधा नभएको, ७४% मा छात्र र छात्राका लागि अलग अलग शौचालय नभएको, ३१% मा खानेपानीको उचित प्रवन्ध नभएको, ६.३% मा कक्षाकोठामा कालोपाटीको व्यवस्था नभएको, २५% मा कोठामा साटफेर गरेर कालोपाटी प्रयोग गर्ने गरेका र अधिकांश विद्यालयका कक्षाकोठामा प्रकाशको व्यवस्था र भेन्टीलेसनको अवस्था सन्तोषजनक नरहेको तथ्य उल्लेख गरेको छ ।

निरौला (२०६७) ले तयार पार्नु भएको "समुदाय द्वारा व्यवस्थित र सामुदायिक प्राथमिक विद्यालयहरूको भौतिक अवस्थाको अध्ययन" शीर्षक शोधपत्रमा इलाम जिल्ला करफोक स्रोत केन्द्र अन्तर्गत कन्याम गा.वि.स.का ६ वटा सामुदायिक प्राथमिक विद्यालयहरूमध्ये अधिकांश विद्यालयहरूको भौतिक अवस्था सन्तोषजनक नरहेको तथ्य उल्लेख गरिएको छ । छनौटमा परेका अधिकांश विद्यालयहरूमा बालबालिकाहरूको तह, उमेर र उचाइको आधारमा कक्षाकोठा, फर्निचर आदिको व्यवस्था गरेको पाइएन । विद्यालयको भौतिक व्यवस्थापन उचित तवरले हुन नसकेको कारण ती विद्यालयहरूमा प्रभावकारी र अर्थपूर्ण शिक्षण–सिकाई क्रियाकलाप सञ्चालन गर्न सकिएको छैन ।

उपर्युक्त सन्दर्भ साहित्यहरूमा व्यक्त विचार एवम् तथ्याहरूबाट के स्पष्ट हुन आउँछ भने बालमैत्री कक्षाकोठा व्यवस्थापनको अवधारणालाई कक्षाकोठा व्यवस्थापनको अवधारणा सँगसँगै समेट्न थालिएको देखिन्छ । यो शिक्षा क्षेत्रमा आएको विल्कुल नवीनतम विषय हो । यस सँग सम्बन्धित पुस्तिका तथा लेख, रचनाहरू केही मात्रामा उपलब्ध भए तापनि यस विषय सँग सम्बन्धित विश्लेषणात्मक पूर्व साहित्यहरू भेट्न मुस्किल छ । यद्यपि शिक्षा सम्बन्धि जन्मिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दृष्टिकोणहरूबाट नै प्रष्ट भइसकेको छ । कि हरेक विद्यालयहरू र कक्षाकोठाहरू बालमैत्रीपूर्ण हुनु आवश्यक छ । अन्तर्राष्ट्रिय शैक्षिक जगतमा शिक्षण पद्धतिमा आएको नव परिवर्तन सँगै हामीले पनि यस प्रतिको परम्परागत मान्यतालाई तोडेर नयाँ परिमार्जित संस्कारको थालनी गर्नुपर्ने चुनौती हाम्रो अगाडि छ ।

आजका बालबालिकाहरूलाई सिकाउनु, सही बाटोमा डोऱ्याउनु र असल, चरित्रवान मानव बनाउनु कम चुनौती पूर्ण काम होइन । यो शताब्दीका बालबालिकाहरू विज्ञान र प्रविधिले ल्याएको नयाँ नयाँ परिवर्तनहरू सँग परिचित छन् र उनीहरू बढी भन्दा बढी स्वतन्त्रता चाहन्छन् । आज र हिजोको समयमा निकै अन्तर छ । केटाकेटीले गल्ती गर्दा १/२ लाठी हानेर सही बाटोमा ल्याउन सक्ने बेला अब रहेन । तर पनि हामी उही परम्परालाई पछ्याइरहेका छौं । केटाकेटीका इच्छा, चाहना, अवश्यकता तथा स्वतन्त्रता नबुझि आफ्नै तरिकाले शिक्षा लादिरहेका छौं दण्ड र सजायले बालबालिकाको कलिलो मस्तिष्कमा नकारात्मक प्रभाव पर्न जान्छ । शिक्षकहरूले कक्षाकोठा व्यवस्थापन को क्रममा बालमैत्री अवधारणा अनुसार कक्षाकोठा व्यवस्थापन गर्न नसक्दा उनीहरूले शिक्षण सिकाईका क्रममा गरेका सबै कष्ट, सङ्घर्ष, असफल हुन जान्छ । आजको यो घडीमा पनि सामुदायिक विद्यालयहरूमा कार्यरत धेरै जसो शिक्षकहरू परम्परागत सोचभन्दा माथि उठ्न सकिरहेका छैनन् । उनीहरूले बालबालिकाको रुचि, इच्छा, आवश्यकता, उमेर, क्षमता आदि पक्षमा ध्यान दिएर कक्षाकोठामा शैक्षिक सामग्रीहरूको व्यवस्थापन, फर्निचरको व्यवस्थापन, विद्यार्थीको बसाइ व्यवस्थापनका साथै उपयुक्त र प्रभावकारी शिक्षण–सिकाई क्रियाकलाप सञ्चालन गर्न सकिरहेका छैनन् । यसबाट के पुष्टि हुन्छ भने बालमैत्री कक्षाकोठा व्यवस्थापनको विषयमा जे-जति अध्ययन अनुसन्धान कार्य भएका छन् त्यति मात्र पर्याप्त छैनन् । यस विषयमा अझ बढी अध्ययन अनुसन्धान हुनु आवश्यक देखिन्छ ।

## २.२ सैद्धान्तिक खाका

प्रख्यात शिक्षाविद् फ्रेडरिक अगष्ट फ्रोबेलको किन्डरगार्टन विधि र डा. मारिया मन्टेसरीको मन्टेसरी विधिलाई यस अध्ययन अनुसन्धान कार्यको सैद्धान्तिक आधारका रूपमा लिइएको छ।

### फ्रोबेलको किन्डरगार्टन विधि

सन् १८१२ मा जर्मनीमा जन्मेका शिक्षाविद् फ्रोबेलको शैक्षिक अवधारणा अनुसार बालबालिकाहरू बगैंचामा फूल्ने कोमल र सुन्दर फूलहरू जस्तै हुन् र शिक्षक त्यस बगैंचाको रेखदेख गर्ने माली हुन् । शिक्षकले बालक रूपी फूलहरूलाई माया, ममतापूर्वक स्याहार –सम्भार, मलजल, गोडमेल गरेर हुर्काउनु पर्छ अर्थात बालबालिकालाई स्वतन्त्र वातावरणमा हुर्कने, स्वक्रियाकलापमा संलग्न हुने र सिक्ने अवसर प्रदान गर्नुपर्दछ । फ्रोबेलको यो अवधारणा किन्डरगार्टन विधि हो, जुन खेल विधिमा

आधारित छ । उनको यो विधि अनुसार बालबालिकाहरूले आफूलाई आवश्यक पर्ने सम्पूर्ण कुराहरू खेल द्वारा नै सिक्दछ । यसका लागि उनले ७ वटा उपहारहरू (Seven Gifts) को व्यवस्था गरेका छन्, जसको मनोवैज्ञानिक महत्व रहेको छ । ती सात उपहारहरूमा विभिन्न रङ्गका बलहरू, गोला, घन, बेलना, घनाकार काठका टुक्राहरू, तीनकुने काठका टुक्राहरू आदी समाबेश हुन्छन् । यस्ता साधनहरूलाई खेलको माध्यमबाट कक्षामा प्रयोग गरी छोएर, हेरेर बालबालिकाहरूले आकार, प्रकृति, सतह, रङ्ग, सङ्ख्या आदीको धारणा सिक्न सक्दछ ।

किन्डरगार्टन पद्धति गरेर सिक्ने (Learning by doing) सिद्धान्तमा आधारित छ । फ्रोबेलका अनुसार आत्माक्रियाकलाप मार्फत बालबालिकाहरूको अन्तरनिहित जन्मजात गुणहरूको प्रस्फुटन गराउनु पर्दछ । सिकाइका लागि शिक्षकले कक्षाकोठामा नियन्त्रित र कडा अनुशासनको वातावरण सिर्जना गर्नु आवश्यक छैन । शिक्षकले कक्षाकोठामा विद्यार्थीहरूको एक असल साथी, अभिभावक तथा सहजकर्ताको रूपमा भूमिका निर्वाह गर्नु पर्दछ । शरीरको चाल, हाउभाउ, खेल, गीत, कथा, रङ्गहरूको प्रयोग, पेन्टिङ जस्ता विद्यार्थीका रुचि, इच्छा अनुसारका क्रियाकलापहरूको माध्यमबाट बालबालिकहरूलाई सिक्ने अवसर प्रदान गर्नु पर्दछ । यस्ता शिक्षण विधिको प्रयोगबाट बालमैत्री कक्षाकोठा व्यवस्थापनमा सहयोग पुऱ्याउँदछ ।

## मन्टेसरी शिक्षण विधि

सन् १८७० मा इटालीमा जन्मिएका रोम विश्वविद्यालयबाट विद्यावारिधि प्राप्त गर्ने प्रथम महिला डा. मारिया मन्टेसरीको मन्टेसरी शिक्षण पद्धति व्यक्तित्व विकासको, स्वतन्त्रताको सिद्धान्त, मांशपेशीय प्रशिक्षण वा क्रियात्मक शिक्षा, इन्द्रिय प्रशिक्षणको सिद्धान्त, स्व–अनुसार सिकाइ सिद्धान्तमा आधारित छ । बालकको अन्तरनिहित गुणहरूलाई बाहिर ल्याउने वातावरण सिर्जना गर्नुपर्ने, बालबालिकाहरूलाई कडा अनुशासनमा राख्न नहुने, उनीहरूलाई हिँडाउने, उफ्राउने, विभिन्न वस्तु, काठमा टुक्रा, रङ्गीन चक्कीहरू मार्फत ज्ञानेन्द्रियहरूको विशेष तालिम दिने बालबालिकाहरूको आ–आफ्नो इच्छा, रुची र क्षमताअनुसार स्व–अनुभव र स्व–शिक्षा ग्रहण गर्ने अवसर प्रदान गर्ने मन्टेसरी शिक्षण पद्धतिको मुल आशय हो । मन्टेसरी शिक्षण पद्धति अनुसार शिक्षालाई तीन भागमा बाँडिएको छ, जुन निम्नानुसार छन् :

क) क्रियात्मक शिक्षा

यस अन्तर्गत मांशपेशीय तालिम सम्बन्धी क्रियाकलापहरू गराउनु पर्दछ । जस्तै : हिँड्ने, डुल्ने, बस्ने, लुगा लगाउने, फुकाउने, जुत्ताको लेस बाँध्ने, आफै मुख धुने र दाँत माझ्ने आदी ।

ख) इन्द्रिय सम्बन्धी शिक्षा :

यस अन्तर्गत इन्द्रिय सम्बन्धी तालिम दिने विभिन्न साधनहरू विकास गरिएका हुन्छन्, जसमार्फत बालबालिकाहरूले आकार, स्वरूप, तौल, रङ, चिल्लो, खस्रो, आवाज आदिको अनुभूति प्राप्त गर्दछन् ।

ग) भाषा र अङक गणित सम्बन्धी शिक्षा :

यस अन्तर्गत लेखाइबाट शुरु गरेर मात्र अक्षरको आवाज निकाल्ने (पढाइ) तर्फ लाग्नु पर्ने मन्टेसरीको धारणा छ । अङ्क सिकाउन लामो लठ्ठीलाई रातो रङ र नीलो रङ गरी १० भागमा विभाजन गरी अङ्कको उच्चारण गर्न लगाउने, वस्तुको नाम उच्चारण गर्दै गन्न लगाउने क्रियाकलाप गराउनु पर्दछ ।

## २.३ अनुसन्धानका पुनरावलोकनको प्रयोग

आजका बालबालिकाहरूका लागि शिक्षा आर्जन गर्नु अनिवार्य छ । सबैका लागि शिक्षा भन्ने आदर्श वाक्यलाई सार्थक तुल्याउन सबैका लागि विद्यालयमा पहुँच सुनिश्चित हुनु आवश्यक छ । कुनै पनि विद्यालय सबैका लागि हुन त्यो विद्यालय बालमैत्री पूर्ण हुनु अति आवश्यक छ । यस्तो बालमैत्री विद्यालयमा नै कक्षाकोठाहरु बालमैत्री पूर्ण हुन सक्दछन् । यही बालमैत्री कक्षाकोठामा सबै बालकालिकाहरूले सिक्नका लागि आफू अनुकूलको वातावरण प्राप्त गर्दछन् । जसले गर्दा विद्यालयमा भर्ना भएका बालबालिकाहरूका लागि टिकाइ राख्ने र गुणस्तरीय शिक्षा प्रदान गर्ने कुरा सुनिश्चित हुन जान्छ ।

यस सन्दर्भमा बालमैत्री कक्षाकोठा कस्तो हुनुपर्दछ ? यसका विशेषताहरू के कस्ता हुन्छन् ? यस्तो कक्षाकोठामा शिक्षकको भूमिका के कस्तो रहन्छ ? र बालमैत्री कक्षाकोठामा कस्ता शिक्षण–सिकाई क्रियाकलाप सञ्चालन गर्न आवश्यक छ ? भन्ने विषयमा जानकारी प्राप्त भएको छ । यी विविध

पक्षका बारेमा खोज अनुसन्धान गर्न निश्चित सैद्धान्तिक ढाँचाको आवश्यकता पर्दछ। किन्डरगार्टन र मन्टेसरी विधि यस अध्ययनको सैद्धान्तिक धरातल हो। यस अध्ययनलाई ठोस निष्कर्षमा पुऱ्याउन यी नै सैद्धान्तिक ढाँचाको सहयोग पुऱ्याएको छ।

वर्तमान  सन्दर्भमा बालमैत्री कक्षाकोठा व्यवस्थापनको विषयवस्तुमा विषयवस्तुहरुलाई रमाइलो वातावरणमा शिक्षण गरेर बाल बालिकाको चौतर्फी विकास गर्नको लागि बालमैत्री वातावरण बनाउने सन्दर्भमा मारीया मन्टेश्वरीको क्रियात्मक शिक्षा, इन्द्रिय सम्बन्धी शिक्षा, भाषा र अंक गणित सम्बन्धी शिक्षा र फ्रोबेलको किन्डर गार्टन पद्धति गरेर सिक्ने सिद्धान्तमा आधारित भएकाले यस शिक्षणसँग मिल्ने गरी सिद्धान्तलाई आधार मानेर जोड्ने प्रयास गरिएको छ।

# परिच्छेद तीन :
# अध्ययन विधि

## ३.१ अध्ययनको ढाँचा

यस अध्ययनका क्रममा वर्णनात्मक प्रक्रिया अपनाई गुणात्मक ढाँचाबाट विश्लेषणात्मक विधि प्रयोग गरी अनुसन्धान गरिएको छ । वास्तविक र यथार्थ तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरी द्वितीय स्रोतबाट प्राप्त सूचनाहरूलाई समेत व्याख्यात्मक तरिका उपयोग गरी वर्णनात्मक एवम् गुणात्मक ढाँचाका आधारमा विश्लेषण गरी यस अध्ययनलाई निष्कर्षमा पुऱ्याइएको छ ।

## ३.२ जनसङ्ख्या र नमुना

क) जनसङ्ख्या

सीमित स्रोत र साधनको कारणले गर्दा शोध विषयको अध्ययनका लागि धेरै ठूलो क्षेत्र समेट्न सम्भव नभएकाले संखुवासभा जिल्लाको चैनपुर स्रोत केन्द्र अन्तर्गतका ३२ वटा सामुदायिक विद्यालयहरु मध्ये बालमैत्री अवधारणा लागू भएका ५ वटा सामुदायिक प्राथमिक विद्यालयहरूलाई मात्र यहाँ अध्ययन क्षेत्रको रुपमा समेटिएको छ । छनौटमा परेका सम्बन्धित विद्यालयहरू सँग आबद्ध प्र.अ., शिक्षकहरू, विद्यार्थीहरू, स्रोतव्यक्ति, अभिभावकहरूलाई यस शोध अध्ययनको जनसङ्ख्याका रूपमा लिइएको छ ।

अनुसन्धान पद्धतिमा जनसङ्ख्याको फराकिलो क्षेत्र लिएर प्रसस्त समय, स्रोत, साधन र सामर्थ्य प्रयोग गरी समस्याको विकल्प खोज्ने एक सामान्य शोधकर्ताका लागि त्यति सजिलो काम होइन । अधययनको विषयलाई केन्द्रविन्दु मानी निर्धारित जनसङ्ख्याबाट प्रतिर्धिमूलक नमूना छनौट गर्दा शोध अधययन प्रक्रियामा सरलता आउन सक्छ । तसर्थ छनौटमा परेका जनसङख्या भित्रका सबै पक्षको प्रतिनिधित्व हुने गरी नमुना छनौट गरिएको छ । यस अध्ययनका लागि जनसङख्यामा  परेका बालमैत्री कक्षा सञ्चालन भएका सामुदायिक प्रा.वि. हरूका अनुभवी एवम् शोध समस्या सँग परिचित र स्पष्ट प्रतिक्रिया दिन सक्ने क्षमता भएका प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स.अध्यक्ष, अभिभावक आदीलाई लिइएको छ ।

ख) नमुना

नमुना छनौट प्रक्रियामा संयोग छनौट (रेन्डम स्याम्पलिङ) विधि प्रयोग गर्दा जनसङ्ख्याको वास्तविक प्रतिनिधित्व हुन सक्ने सम्भावना कम हुने र त्यसबाट अध्ययनको विषयलाई सहयोग पुग्न नसक्ने भएकाले निर्धारित जनसङ्ख्याबाट उद्देश्य मूलक नमुना छनौट विधि प्रयोग गरिएको छ । यस विधिमा निर्धारित जनसङ्ख्या मध्येबाट नमुना छनौट गर्दा विद्यालयको किसिम र स्तरलाई समेत ध्यान दिइएको छ ।

## ३.३ तथ्याङ्क सङ्कलनका साधन

अध्ययनको उद्देश्य, स्रोत, साधन र समयावधिलाई मध्यनजर गरी यस अध्ययन अनुसन्धानमा तथ्याङ्क सङ्कलनका लागि निम्नलिखित साधनहरूको प्रयोग गरिएको छ :

क) अवलोकन

ख) अन्तर्वार्ता

ग) प्रश्नावली

घ) समूह छलफल

## ३.४ तथ्याङ्कका स्रोतहरू

शैक्षिक अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउनका लागि निश्चित स्रोतहरूको आवश्यकता पर्दछ । यस अध्ययन अनुसन्धान कार्यमा तथ्याङ्क सङ्कलनका लागि निम्न दुई प्रकारका स्रोतहरूको प्रयोग गरिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

यस शोध अध्ययनका क्रममा स्वयम् शोधकर्ताले नमुना छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षक, वि.व्य.स.अध्यक्ष, अभिभावक र विद्यार्थीहरू सँग प्रत्यक्ष भेटघाट गरी विभिन्न साधानहरूको माध्यमबाट तथ्याङ्क तथा सूचनाहरू सङ्कलन गरिएको छ । यसरी तथ्याङ्क सङ्कलनका क्रममा भेटिएका सम्बद्ध व्यक्तिहरू सूचनाका प्राथमिक स्रोतका रूपमा रहेका छन् ।

### ३.४.२ द्वितीय स्रोतहरू

यस शोध अध्ययनलाई निष्कर्षमा पुऱ्याउन थप सहयोगी सूचनाहरूका लागि नमुना छनौटमा परेका विद्यालयका निरीक्षण पुस्तिका, स्टाप बैठक र वि.व्य.स. बैठकका निर्णय पुस्तिका, विद्यालय वार्षिक कार्ययोजना, पाठयोजनाहरू, विद्यालय सुधार योजना लगायत विद्यालयका अन्य शैक्षिक अभिलेख तथा दस्तावेजहरू अध्ययन गरिएको छ । यसका साथै अध्ययन अनुसन्धानको विषय सँग सम्बन्धित लेख, रचना, पुस्तक तथा अन्य सन्दर्भ सामग्रीहरूको अध्ययनबाट यस अध्ययनको निष्कर्षमा पुग्ने प्रयास गरिएको छ । यसरी यस अध्ययनमा प्रयोग हुन आउने सम्पूर्ण अभिलेख, दस्ताबेज, लेख, रचना, पुस्तक, सन्दर्भ ग्रन्थहरूलाई द्वितीय स्रोतका रूपमा लिइएको छ ।

## ३.५ तथ्याङ्क सङ्कलन विधि

कुनै पनि शोध अध्ययनका लागि आवश्यक तथ्याङ्कहरू सङ्कलन गर्ने क्रममा कुनै एक विधि वा प्रक्रियाको मात्र भर पर्नु उपयुक्त हुँदैन  यस शोध अध्ययनमा आवश्यकता अनुसार फरक फरक तथ्याङ्क सङ्कलनका विधि वा प्रक्रियाहरू प्रयोग गरिएको छ । यस अध्ययनमा आवश्यकता अनुसार नमुनामा परेका विद्यालयहरूको प्रत्यक्ष रूपमा कक्षा अवलोकन गरेर सूचनाहरू सङ्कलन गरिएको छ, जसका लागि कक्षा अवलोकन फारमहरू प्रयोगमा ल्याइएको छ । नमुना विद्यालयहरूमा आवद्ध प्र.अ, शिक्षक, विद्यार्थी तथा वि.व्य.स. अध्यक्षहरू सँग प्रत्यक्ष भेटघाट गरी निश्चित विषय र शीर्षकहरू सङ्कलन गरिएको छ । त्यसै गरी अध्ययनको क्रममा छनौटमा परेका विद्यालयहरूको नमुना जनसङ्ख्या भित्र परेका प्र.अ., शिक्षक, विद्यार्थीहरूलाई लिखित रूपमा नै खुला तथा बन्द प्रश्नाबलीहरू निर्माण गरी वितरण गरेर पनि आवश्यक तथ्याङ्कहरू सङ्कलन गरिएको छ ।

## ३.६ तथ्याङ्क विश्लेषण विधि

विषयको प्रकृति अनुसार तथ्याङ्क विश्लेषणका विधिहरू भने फरक फरक हुन्छन् । गुणात्मक अनुसन्धानमा खुला अन्तर्वार्ता, प्रत्यक्ष अवलोकन र लिखित दस्तावेजमा आधारित तथ्याङ्कहरू प्रयोग गरिएको हुन्छ । अन्तर्वार्ताबाट प्राप्त तथ्याङ्कहरूमा शोधकर्ताले आफ्नो अनुभव, विचार र धारणालाई प्रत्यक्ष वाक्यांशमा राखी अनुसन्धानको निष्कर्ष त्यसैमा सीमित रहने अध्ययन गुणात्मक

अध्ययन हुन जान्छ । त्यसकारण यस अध्ययनमा पनि तथ्याङ्क सङ्कलन गर्न प्रयोग गरिएका अनुसन्धानका साधनहरू र प्राप्त तथ्याङ्कहरूलाई गुणात्मक तरिकाले विश्लेषण गरिएको छ ।

तथ्याङ्क विश्लेषणको गुणात्मक तरिका अनुसार कोरा तथ्याङ्कलाई छानविन गरी अनावश्यक र असान्दर्भिक तथ्याङ्कलाई हटाइएको छ । कतिपय अस्पष्ट सूचनाहरूलाई विश्लेषणात्मक अध्ययन गरी स्पष्ट र अर्थ पूर्ण बनाइएको छ । शोध विषयसँग सम्बन्धित सूचनाहरूलाई अनुसन्धानको साधन र अध्ययनको जनसङ्ख्याको भिन्नता अनुसार सामुहीकरण गरिएको छ । तथ्याङ्कलाई गुणात्मक पक्षबाट विश्लेषण गरी उद्देश्य केन्द्रित बनाउन सान्दर्भिक सैद्धान्तिक पक्षहरूको आधार लिइएको छ । समस्याको अध्ययनलाई दिशाबोध गराउन उपलब्ध तथ्याङ्कहरूको व्याख्यात्मक तरिकाले विश्लेषण गर्दै पूर्व आधारित सैद्धान्तिक पक्षहरूसँग सम्बन्ध जोड्ने प्रयत्न गरिएको छ । यसप्रकार यस शोध अध्ययनलाई निष्कर्षमा पुऱ्याउने विशेष गरी गुणात्मक अनुसन्धान प्रक्रियाको प्रयोग गरिएको छ ।

# परिच्छेद चार :
# नतिजा विश्लेषण

अध्ययनको यस खण्डमा प्राथमिक र द्वितीय स्रोतहरूबाट प्राप्त भएका सूचनाहरूको विश्लेषण तथा विवेचना गरिएको छ। सङ्कलित तथ्याङ्क तथा सूचनाहरूको अर्थपूर्ण विवेचनाका लागि तथ्याङ्कहरूको प्रशोधन र विश्लेषण आवश्यक हुन्छ। अनुसन्धानात्मक प्रश्नहरूको उत्तर प्राप्त गर्न आँकडाहरूलाई स्तरीकरण, निर्धारण, क्रम हेरफेर र सङ्क्षेपीकरण गर्नु नै विश्लेषण हो। यहाँ प्राप्त तथ्याङ्कहरूलाई विश्लेषण गर्न गुणात्मक अध्नुसन्धानको प्रक्रिया प्रयोग गरिएको छ। त्यसैले यहाँ गुणात्मक तथ्यहरूलाई विवरणात्मक र विश्लेषणात्मक रूपमा विश्लेषण गर्दै प्रस्तुतीकरण गरिएको छ। अध्ययनलाई निष्कर्षमा पुऱ्याउन आवश्यकता अनुसार सान्दर्भिक सैद्धान्तिक पक्षहरूको आधार लिइएको छ। त्यस्तै गरी अध्ययनलाई निष्कर्षमा पुऱ्याउन आवश्यकता अनुसार सान्दर्भिक सैद्धान्तिक पक्षहरूको आधार लिइएको छ। त्यस्तै गरी अध्ययनलाई सम्बन्धित ऐन, नियम तथा प्रतिवेदनहरूको आधार लिइएको छ। त्यस्तै गरी अध्ययनलाई सम्बन्धित ऐन, नियम तथा प्रतिवेदनहरूको पनि सहयोग लिइएको छ। शोध अध्ययनको समस्या अनुसार अनुसन्धानका साधनहरूको निर्माण गरी सो साधनबाट प्राप्त सूचनाहरूलाई समस्या सँग केन्द्रित तथ्याङ्क तथा सूचनाको विश्लेषण गरी अध्ययनको निचोडलाई समष्टिमा निकालिएको छ।

## ४.१ बालमैत्री कक्षाकोठा व्यवस्थापनको वर्तमान अवस्था

यस अध्ययनमा नमुना छनौटमा परेका विद्यालयहरूको विभिन्न पक्षहरूको वर्तमान अवस्था बारे अभिलेखबाट प्राप्त सूचनाहरूलाई निम्नानुसार उल्लेख गरी विश्लेषण गरिएको छ :

### ४.१.१ विद्यालयहरूको कक्षाकोठाको वर्तमान अवस्था

यस शोध अध्ययनलाई पूरा गर्न उद्देश्यमूलक नमुना छनौट विधि अनुसार चैनपुर स्रोत केन्द्र अन्तर्गत ३२ वटा सामुदायिक विद्यालयहरू मध्ये बालमैत्री अवधारणा लागू भएका ५ वटा सामुदायिक विद्यालयहरूलाई नमुना विद्यालयका रूपमा लिइएको छ। नमुना छनौमा परेका विद्यालयहरूको विवरण निम्न तालिकामा देखाइएको छ :

तालिका १

नमुना छनौटमा परेका विद्यालयहरूको विवरण

| क्र. स. | विद्यालयको नाम | ठेगाना | बालमैत्री अवधारणा लागू भएको वर्ष | बालमैत्री अवधारणा लागू भएका कक्षाहरू |
|---|---|---|---|---|
| १ | श्री शारदा उ.मा.वि. खराङ्ग | खराङ्ग - १ | वि.स. २०६७ | कक्षा - ३ सम्म |
| २ | श्री शारदा मा. वि त्रिशुले | वानेश्वर -३ | वि.स. २०६८ | कक्षा - २ सम्म |
| ३ | श्री हिमगंगा नि.मा.वि. चापभैं | वानेश्वर- ८ | वि.स. २०६९ | कक्षा - १ सम्म |
| ४ | श्री धर्मदेवी नि.मा.वि कल्लेरी | खराङ्ग - ३ | वि.स. २०६९ | कक्षा - १ सम्म |
| ५ | श्री बालकल्याण प्रा.वि. किङ्गरिङ्ग | खराङ्ग - ६ | वि.स. २०६८ | कक्षा - २ सम्म |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

उपर्युक्त तालिका अनुसार खराङ्ग १ मा पर्ने श्री शारदा उ.मा.वि. मा २०६७ सालमा शारदा उ.मा.वि. त्रिशुले र श्री बालकल्याण प्रा.वि. किङ्गरिङ्ग मा २०६९ मा र हिमगंगा. नि.मा.वि. चापाभैं र श्री धर्मदेवी नि.मा.वि. कल्लेरीमा २०६८ मा बालमैत्री कक्षा सञ्चालन भएको देखिन्छ ।

### ४.१.२ विद्यालयहरूको प्रा.वि. तहका लिङ्गगत विद्यार्थी विवरण

कक्षाकोठा तथा विद्यालयको बालमैत्री अवस्था अध्ययन गर्नका लागि त्यस कक्षा एवम् विद्यालयको लैङ्गिक अवस्था बारे पनि बुझ्नु आवश्यक हुन्छ । कक्षाकोठामा छात्र र छात्राहरूको उपस्थिति कस्तो छ, उनीहरू बीच भेदभाव हुन्छ कि हुँदैन भन्ने जस्ता विषयहरूको जानकारी प्राप्त गर्न लैङ्गिक अवस्थाले सहयोग गर्दछ । यस अध्ययनलाई पूरा गर्न लागि छनौट गरिएका ५ वटा विद्यालयहरूको लिङ्गगत विद्यार्थी विवरण निम्नानुसार छ


तालिका नं. २

नमुना विद्यालयहरूको प्रा.वि. तहका लिङ्गगत विद्यार्थी विवरण

| क्र.स. | विद्यायको नाम | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|---|
| १ | श्री शारदा उ.मा.वि. खराङ्ग | ८७ | ७७ | १६४ |
| २ | श्री शारदा मा. वि त्रिशुले | ३७ | २१ | ५८ |
| ३ | श्री हिमगंगा नि.मा.वि. चापभैं | १५ | १३ | ३८ |
| ४ | श्री धर्मदेवी नि.मा.वि कल्लेरी | १३ | १० | २३ |
| ५ | श्री बालकल्याण प्रा.वि. किङ्गरिङ्ग | ४ | ६ | १० |

स्रोत : Flash – I, विद्यालयका तथ्याङ्कहरू, २०७०

उक्त माथिको तालिकालाई स्तम्भ रेखाचित्रमा प्रस्तुत गर्दा,




उपर्युक्त तालिका अनुसार श्री शारदा उ.मा.वि. मा छात्रा र छात्र क्रमश ८७ र ७७ गरी जम्मा १६४ रहेको र अत्याधिक छात्र छात्रा देखिन्छ । त्यसै गरि श्री शारदा मा.वि. त्रिशुलेमा छात्रा ३७ र छात्र २१ गरी ५८ त्यसै गरी हिमगंगा नि.मा.वि. चापाभैंमा छात्रा १५ छात्र १३ गरी जम्मा २८ जना श्री धर्मदेवी नि.मा.वि कल्लेरीमा छात्रा १३ छात्र १० गरी २३ जना र श्री बालकल्याण प्रा.वि. किडरिङ्गमा छात्रा ४ र छात्र ६ गरी जम्मा १० विद्यार्थी रहेका छन् समग्रमा छात्र भन्दा छात्राको संख्या बढी

देखिन्छ र विद्यालय गत रुपमा हेर्दा बालकल्याण प्रा.वि.मा भने छात्रा को संख्या भन्दा छात्रको सख्या बढी देखिन्छ ।

### ४.१.३ विद्यालयहरूको प्रा.वि. तहका दलित विद्यार्थी विवरण

जातीय विभेदरहित कक्षाकोठा नै वास्तवमा बालमैत्री कक्षाकोठा हुन सक्छ । जातीय विभेदको अस्तित्वलाई कायमै राखिरहँदा बालमैत्री कक्षाकोठा व्यवस्थापन हुन सक्दैन । दलितहरूलाई तल्लो जातको पगरी भिराएर कतिपय विद्यालयहरूमा सिक्ने र सिकाउने क्रममा भेदभावपूर्ण व्यवहार गरेको हामी देख्न, सुन्न र अनुभव गर्न सक्छौँ । शिक्षामा दलितहरूको पहुँच, सहभगिता कस्तो छ, उनीहरू प्रति शिक्षकहरू तथा साथीहरूले कस्तो व्यवहार गर्दछन् भन्ने जस्ता विषयहरूको सत्य तथ्य जानकारी प्राप्त गर्नका लागि उनीहरूको वास्तविक सङ्ख्या थाहा पाउनु जरुरी हुन्छ । नमुना छनौटमा परेका विद्यालयहरूको प्राथमिक तहमा अध्ययनरत दलित विद्यार्थीहरूको विवरण तलको तालिकामा देखाइएको छ ।


तालिका नं. ३

नमुना विद्यालयहरूको प्रा.वि. तहका दलित विद्यार्थी विवरण

| क्र.स. | विद्यायको नाम | दलित छात्रा | दलित छात्र | जम्मा दलित |
|---|---|---|---|---|
| १ | श्री शारदा उ.मा.वि. खराङ्ग | १० | ८ | १८ |
| २ | श्री शारदा मा. वि त्रिशुले | ७ | ६ | १३ |
| ३ | श्री हिमगंगा नि.मा.वि. चापभैं | ५ | ६ | ११ |
| ४ | श्री धर्मदेवी नि.मा.वि कल्लेरी | ४ | ३ | ७ |
| ५ | श्री बालकल्याण प्रा.वि. किङ्गरिङ्ग | - | - | - |

स्रोत : Flash – I, विद्यालयका तथ्याङ्कहरू, २०७०

उक्त माथिको तालिकालाई स्तम्भ रेखाचित्रमा प्रस्तुत गर्दा,




माथि उल्लेखित तथ्याङ्कले श्री शारदा उ.मा.वि. खराङ्ग सबभन्दा बढी दलित विद्यार्थी १८ जना रहेका छन् भने श्री बालकल्याण प्रा.वि. किङ्गरिङ्ग १ जना पनि दलित विद्यार्थी रहेका पाइदैन् ।

### ४.१.४ विद्यालयहरूको प्रा.वि. तहका जनजाति विद्यार्थी विवरण

कुनै एक बालमैत्री कक्षाकोठामा समाजका सबै जातजातिको प्रतिनिधित्व गर्ने विद्यार्थीहरूको उपस्थिति हुनु आवश्यक हुन्छ । बालमैत्री कक्षाकोठा व्यवस्थापन गर्दा समाजका विभिन्न जातीय पृष्ठभूमिबाट आएका विद्यार्थीहरूलाई सिकाइ तथा अन्य कक्षा क्रियाकलापहरूमा सहभागिताको समान अवसर प्रदान गर्नु पर्दछ । जनजाति विद्यार्थीहरूले यस्तो अवसर पाएका छन् या छैनन् भन्ने तथ्य बुझ्नका लागि उनीहरुको वास्तविक सङ्ख्याको जानकारी हुनु आवश्यक छ । यही कुरालाई मध्यनजर गर्दै यहाँ नमुना विद्यालयहरूको प्राथमिक तहमा अध्ययनरत जनजाति विद्यार्थीहरूको तथ्याङ्कलाई तालिका द्वारा निम्नानुसार प्रस्तुत गरिएको छ :


तालिका नं. ४

नमुना विद्यालयहरूको प्रा.वि. तहका जनजाति विद्यार्थी विवरण

| क्र. स. | विद्यायको नाम | जनजाति छात्रा | जनजाति छात्र | जम्मा जनजाति |
|---|---|---|---|---|
| १ | श्री शारदा उ.मा.वि. खराङ्ग | ३० | २१ | ५१ |
| २ | श्री शारदा मा. वि त्रिशुले | २२ | ८ | ३० |
| ३ | श्री हिमगंगा नि.मा.वि. चापभैं | ६ | ३ | ९ |
| ४ | श्री धर्मदेवी नि.मा.वि कल्लेरी | ४ | ५ | ९ |
| ५ | श्री बालकल्याण प्रा.वि. किङ्गरिङ्ग | ३ | ३ | ६ |

स्रोत : Flash – I, विद्यालयका तथ्याङ्कहरू, २०७०

उक्त माथिको तालिकालाई स्तम्भ रेखाचित्रमा प्रस्तुत गर्दा,




माथीको तालिका बमोजिम नमुना छनौट परेका विद्यालयहरूमा शारदा उ.मा.वि. खराङ्गमा जनजाती छात्र ३० र छात्र २१ गरी ५१ जना र श्री शारदा मा.वि. त्रिशुलेमा छात्रा २२ छात्र ८ गरी ३० जना, श्री हिमगंगा नि.मा.वि. चापाभैमा छात्रा ६ र छात्र ३ गरी जम्मा ९ जना र श्री धर्मदेवी नि.मा.वि.

कल्लेरीमा जनजाती छात्रा ४ र छात्र ५ गरी ९ जना र बालकल्याण प्रा.वि. किङ्गरिङ्गमा छात्रा छात्रको संख्या ३/३ गरी ६ रहेको देखिन्छ ।

### ४.१.५ विद्यालयहरूको विद्यार्थी नियमितता

विद्यालयमा भर्ना भएका विद्यार्थीहरूलाई विद्यालयमा टिकाइ राख्न नसक्नु हरेक सामुदायिक विद्यालयहरूको साझा समस्या हो । विद्यार्थीहरूको आफ्नो निजी समस्याका कारण तथा विद्यालय भित्रको समस्याका कारण विद्यालयमा नियमित उपस्थित हुन सक्दैनन् जसको फलस्वरूप ती विद्यार्थीहरूको सिकाइ उपलब्धिमा नकारात्मक प्रभाव पर्न जान्छ । विद्यार्थीहरूलाई नियमित गराउन तथा विद्यालयमा टिकाइ राख्न र गुणस्तरीयता कायम गर्न बालमैत्री अवधारणाको कार्यान्वयन हुनु आवश्यक छ । नमुना छनौटमा परेका बालमैत्री विद्यालयहरूमा विद्यार्थीहरूको नियमितताको अवस्था बुझ्नका लागि ती विद्यालयहरूको बालमैत्री अवधारणा लागू भएका कक्षाहरू (कक्षा १ र २) को विद्यार्थी नियमिततालाई निम्न तालिकामा देखाइएको छ :


तालिका नं. ५

नमुना विद्यालयहरूको विद्यार्थी नियमितता विवरण

| क्र.स. | विद्यायको नाम | कक्षा १ को वार्षिक विद्यार्थी उपस्थिति (% मा) | कक्षा २ को वार्षिक विद्यार्थी उपस्थिति (% मा) | कैफियत |
|---|---|---|---|---|
| १ | श्री शारदा उ.मा.वि. खराङ्ग | ७५.६ | ८२.३ | ८३ |
| २ | श्री शारदा मा. वि त्रिशुले | ८६.५ | ९० | - |
| ३ | श्री हिमगंगा नि.मा.वि. चापभैं | ६०.८ | - | - |
| ४ | श्री धर्मदेवी नि.मा.वि कल्लेरी | ७७.५ | ८०.७ | - |
| ५ | श्री बालकल्याण प्रा.वि. किङ्गरिङ्ग | ६३.९ | - | - |

स्रोत : Flash – I, विद्यालयका तथ्याङ्कहरू, २०७०

उक्त तालिकालाई स्तम्भ रेखाचित्रमा देखाउदा,




उपर्युक्त तालिकाबाट के सफा हुन्छ भने विद्यार्थीहरूको औषत उपस्थिति वर्षेनी बढी रहेको छ । यसले भविष्यमा आसलाग्दो परिणाम देखिन सक्छ । अन्य विद्यालयको तुलनामा श्री धर्मदेवी नि.मा.वि. कल्लेरी र श्री बालकल्याण प्रा.वि. किङ्गरिङ्ग औसत उपस्थिति प्रतिशत कम देखिन्छ ।

### ४.१.६ विद्यालयहरूको भौतिक तथा शैक्षणिक पक्षहरूको विश्लेषण

कुनै पनि विद्यालय बालमैत्री बन्नका लागि त्यस विद्यालयको भौतिक अवस्था र शैक्षणिक अवस्था पनि बालमैत्री हुनु पर्दछ । त्यसै गरी त्यस्ता बालमैत्री विद्यालयका बालमैत्री कक्षाकोठा व्यवस्थापनका क्रममा कक्षाकोठाको भौतिक व्यवस्थापन एवम् शैक्षणिक व्यवस्थापनमा विशेष ध्यान पुऱ्याउनु पर्दछ । बालमैत्री कक्षाकोठाका लागि आवश्यक पर्ने न्यूनतम आवश्यकताहरू पनि पूरा हुन नसकेको कक्षाकोठा वास्तवमा बालमैत्री कक्षाकोठा हुन सक्दैन । त्यस्तै बालमैत्री कक्षाकोठामा सञ्चालन गरिने कक्षा क्रियाकलाप तथा अन्य शैक्षणिक क्रियाकलापहरू पनि बालहित एवम् बालकल्याणका दृष्टिले उपयुक्त र अनुकुल हुनुपर्दछ । यथार्थमा नमुना छनौटमा परेका बालमैत्री विद्यालयहरूमा भौतिक अवस्था र शैक्षणिक अवस्था कस्तो छ ? बालमैत्री अवधारणाको मापदण्ड अनुसारको भौतिक व्यवस्थापन गरिएको छ या छैन ? कक्षाकोठामा बालमैत्री शिक्षण विधि अपनाइएको छ या छैन ? भन्ने जस्ता प्रश्नहरूको आधारमा नमुना विद्यालयहरूको भौतिक तथा शैक्षणिक पक्षहरूको अध्ययन गरी प्राप्त नतिजालाई निम्नानुसार उल्लेख गरी विश्लेषण गरिएको छः

### ४.१.७ विद्यालयहरूको बालमैत्री कक्षाकोठाको भौतिक अवस्था

कक्षाकोठा व्यवस्थापनका एक महत्वपूर्ण पक्ष भौतिक व्यवस्थापन पनि एक हो । अन्य पक्षहरूको व्यवस्थापन सँगसँगै भौतिक पक्षको व्यवस्थापनमा पनि विशेष ध्यान पुऱ्याउन सक्दा कुनै पनि कक्षाकोठा व्यवस्थित हुन सक्छ । भौतिक पक्षहरूको राम्रो व्यवस्थापन गरिएको कक्षाकोठामा शिक्षकलाई शिक्षण–सिकाइ क्रियाकलाप सञ्चालन गर्न सहज हुनजान्छ र सिकारुहरूलाई पनि पठनपाठन कार्य गर्न सजिलो हुन्छ, जसको फलस्वरुप आशातित शैक्षिक उपलब्धि हासिल गर्न मद्दत पुग्दछ । बालमैत्री कक्षाकोठाको त झन् भौतिक व्यवस्थापन अपरिहार्य कार्य हो । बालमैत्री अवधारणा अनुरुप कक्षाकोठाको भौतिक व्यवस्थापन बालबालिकाको उमेर, रुची, तह, आवश्यकता सँग अनुकूल हुनुपर्दछ । यस अध्ययनका लागि छनौटमा परेका नमुना विद्यालयहरूमा बालमैत्री कक्षाकोठाको भौतिक व्यवस्थापनको पक्ष कस्तो छ भन्ने विषयमा गरिएको अध्ययनबाट प्राप्त नतिजालाई निम्नानुसार तालिकाद्वारा प्रस्तुत गरिएको छ :


तालिका नं. ६

नमुना विद्यालयहरूको बालमैत्री कक्षाकोठाको भौतिक अवस्था

| क. स. | भौतिक विवरण | विद्यालय सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मापदण्ड अनुरूपको कक्षाकोठा | ५ | १००% |
| २ | बालमैत्री फर्निचरको व्यवस्था | ४ | ८०% |
| ३ | कालोपाटी / सेतोपाटी | ५ | १००% |
| ४ | कार्पेटको व्यवस्था | ५ | १००% |
| ५ | शैक्षिक सामग्री राख्ने व्यवस्था | ५ | १००% |
| ६ | शैक्षिक सामग्रीको सजाबट | ३ | ६०% |
| ७ | भित्तो लेखन कार्य | ५ | १००% |
| ८ | फोहोर राख्ने व्यवस्था | ३ | ६०% |
| ९ | प्रकाश र हावाको व्यवस्था | ५ | १००% |
| १० | सजिलै हिँड्डुल गर्न सकिने व्यवस्था | ५ | १००% |
| ११ | पङ्खाको व्यवस्था | ४ | ८०% |
| १२ | उपयुक्त झ्याल, ढोका | ४ | ८०% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

उक्त माथिको तालिकालाई स्तम्भ चित्रमा प्रस्तुत गर्दा,




उपर्युक्त तालिकामा उल्लेख भए अनुसार कक्षाकोठाको भौतिक व्यवस्थापनका कक्षाकोठाको आकार, कालोपाटी/सेतोपाटी, कार्पेट, शैक्षिक सामग्री राख्ने दराज वा बाकस, भित्तालेखन, प्रकाश र हावा इत्यादी पक्षहरूको व्यवस्थापनमा १००% विद्यालयहरूको अवस्था राम्रो देखिन्छ । त्यस्तै गरी बालमैत्री फर्निचर, पङ्खा, उपयुक्त भ्याल, ढोका जस्ता पक्षहरूको व्यवस्थापन ८०% विद्यालयहरूमा मात्र भएको देखिन्छ भने शैक्षिक सामग्रीको सजावट र फोहोर राख्ने डस्टविनको व्यवस्थापन गर्ने ६०% विद्यालयहरू मात्र रहेको देखिन्छ । समग्रमा भन्नुपर्दा नमुना विद्यालयहरूको बालमैत्री कक्षाकोठाको भौतिक व्यवस्थापनको अवस्था सन्तोषजनक रहेको देखिन्छ ।

नमुना छनौटमा परेका ५ वटा विद्यालयहरूको कक्षाकोठाको भौतिक अवस्था अवलोकन गर्दा प्रायः अधिकांश विद्यालयको भौतिक व्यवस्थापन कार्यमा बालमैत्री अवधारणा अनुरूप नै गर्न खोजिएको पाइयो । कक्षाकोठामा पर्याप्त प्रकाश र हावा पर्ने गरी भ्याल, ढोका तथा भेन्टिलेसनको व्यवस्था गरिएको पाइयो, जसले गर्दा विद्यार्थीहरूका स्वास्थ्य अवस्थामा अनुकूल सहयोग पुऱ्याउदै शिक्षण–सिकाइ कार्यमा सहज वातावरण सृजना गरेको देखियो । नमुना विद्यालयको कक्षाकोठाको आकार, विद्यार्थीहरूको सङ्ख्याको आधारमा उपयुक्त नै रहेको पाइयो । कक्षाकोठामा समूह विभाजन गर्न, खेल खेलाउन तथा अन्य कक्षा क्रियाकलापहरू सञ्चालन गर्न पर्याप्त ठाउँ पुग्ने गरेको तथ्यले यस कुरालाई प्रमाणित गरेको देखियो । त्यसैगरी बालमैत्री कक्षाकोठाहरूमा ओछ्याइएको कार्पेट र बसेर

पढ्न मिल्नेगरी बनाइएका टेबुलहरूले विद्यार्थीहरूलाई छलफल तथा अन्तर्क्रियामा सहभागी गराउँदै सिकाउन मद्दत गरेका पाइयो । प्रायः सबै बालमैत्री कक्षाकोठाहरूमा भित्तेलेखन कार्य गरेको पाइयो । यस्तो भित्तेलेखनले विद्यार्थीहरूलाई रुचिपूर्ण तलिकाले १ देखि १०० सम्म गणना गर्न क देखि ज्ञ सम्म अक्षर पढ्न तथा a देखि z सम्मका अङ्ग्रेजी वर्णमाला जान्न सहयोग पुऱ्याएको पाइयो ।

नमुना छनौटमा परेका सबै विद्यालयहरूका बालमैत्री कक्षाकोठाहरूमा कालो/सेतो पाटीको व्यवस्था गरेको पाइयो, जहाँ विद्यार्थीहरूले सहजै आफूले जानेका वा आफ्नो मनमा लागेका कुराहरू लेख्न सक्दथे । तर केही विद्यालयहरूमा भने विद्यार्थीहरूले नभेट्ने गरी कलो/सेतो पाटी राखिएको पाइयो, जसले गर्दा विद्यार्थीहरूलाई आफ्नो मनमा लागेका कुरा लेख्न, चित्र कोर्न अष्ठ्यारो भएको देखियो । बालमैत्री कक्षाकोठाको भौतिक व्यवस्थापनको एक अर्को महत्वपूर्ण पक्ष शैक्षिक सामगीहरूको व्यवस्थापन पनि हो । नमुना विद्यालयका धेरै जसो बालमैत्री कक्षाकोठाहरूमा शैक्षिक सामग्रीहरू राख्नका लागि टिनको बाकसको व्यवस्था गरिएको पाइयो, जसमा सबै शैक्षिक सामग्रीहरू राख्न नसकिने समस्या रहेको कुरा शिक्षकहरूले बताउनु भएको थियो । नमुना विद्यालयहरू मध्ये थोरै विद्यालयमा मात्रै शैक्षिक सामग्री राख्न दराजको व्यवस्था गरेको पाइयो । विद्यार्थीहरूले बनाएका अन्य शैक्षिक सामग्रीहरू प्रदर्शन गर्ने बोर्डको अभाव धेरै विद्यालयका कक्षाकोठाहरूमा देखियो । कक्षाकोठामा विद्यार्थीले बनाएका चित्र तथा अन्य शैक्षिक सामग्रीहरू त्यति कै अव्यवस्थित तरीकाले भित्ताहरूमा टाँसेको पाइयो । समग्रमा भन्नुपर्दा नमुना विद्यालयहरूमा सञ्चालित बालमैत्री कक्षाकोठाहरूको भौतिक व्यवस्थापनको अवस्था सन्तोषजनक नै रहेको पाइयो ।

### ४.१.८ विद्यालयहरूको बालमैत्री कक्षाकोठाको शैक्षणिक अवस्था

कक्षाकोठा व्यस्थापनको अर्को महत्वपूर्ण पक्ष शैक्षणिक (शिक्षण सिकाइ क्रियाकलाप) व्यवस्थापन पनि एक हो । शैक्षणिक व्यवस्थापन शिक्षकको कार्यदक्षता, शिक्षण, कला, ज्ञान, सीप, तथा अनुभवबाट प्रभावित हुन्छ । बालमैत्री कक्षाकोठामा शैक्षणिक व्यवस्थापनको महत्वपूर्ण स्थान हुन्छ । कक्षाकोठाको भौतिक पक्षको अवस्था जतिसुकै स्तरीय भए पनि उपयुक्त शिक्षण सिकाई क्रियाकलापको अभावमा बालमैत्री कक्षाकोठा व्यवस्थापन असम्भव प्रायः हुन्छ । शिक्षण सिकाई क्रियाकलापको व्यवस्थापन जति राम्रो गर्न सकियो त्यति कक्षाकोठाको वातावरण व्यवस्थित हुन्छ । शिक्षण–सिकाइको व्यवस्थित वातावरणमा नै प्रभावकारी सिकाई सम्भव हुन सक्दछ । यस अध्ययनमा नमुना छनौटमा परेका विद्यालयहरूको शैक्षणिक व्यवस्थापनको अवस्था कस्तो छ ?

शिक्षकहरूले कस्तो शिक्षण –सिकाइ क्रियाकलाप सञ्चालन गरिरहेका छन् ? विद्यार्थीहरूले पढ्ने वातावरण कस्तो पाइरहेका छन् ? इत्यादि जस्ता सवालहरूको आधारमा गरिएको अध्ययनको नतिजालाई निम्नानुसार देखाइएको छ :


तालिका ७

विद्यालयहरूको बालमैत्री कक्षाकोठाको भौतिक अवस्था

| क. स. | भौतिक विवरण | विद्यालय सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | योजनाबद्ध शिक्षण | ४ | ८०% |
| २ | बालकेन्द्रित शिक्षण विधि | ५ | १००% |
| ३ | विभेद रहित व्यवहार | ५ | १००% |
| ४ | बालसहभागितामा जोड | ४ | ८०% |
| ५ | दण्डरहित शिक्षण | ५ | १००% |
| ६ | शैक्षिक सामग्रीको प्रयोग | ५ | १००% |
| ७ | सकारात्मक पुनर्वलको प्रयोग | ४ | ८०% |
| ८ | निरन्तर मूल्याङ्कन | ५ | १००% |
| ९ | गृहकार्य | ५ | १००% |
| | जम्मा | ५ | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

उक्त माथिको तालिकालाई स्तम्भ चित्रमा प्रस्तुत गर्दा,




नमुना बालमैत्री विद्यालयहरूको बालमैत्री कक्षाकोठाको १/१ वटा कक्षा शिक्षण हेर्दा प्राप्त शैक्षणिक अवस्थाको नतिजा अनुसार १००% शिक्षकहरूको शिक्षण–सिकाइका क्रममा बालकेन्द्रित शिक्षण विधि, विभेद रहति व्यवहार, दण्डरहित शिक्षण, शैक्षिक सामग्री, निरन्तर मूल्याङ्कन र गृहकार्यको प्रयोग गरेको पाइयो भने ८०% शिक्षकहरूको शिक्षण–सिकाइका क्रममा योजनाबद्ध शिक्षण, बालसहभागितामा जोड, सकारात्मक पुनर्बलको प्रयोग गरेको पाइयो । यस तथ्याङ्कबाट नमुना छनौटमा परेका बालमैत्री कक्षाकोठाहरूमा शैक्षणिक व्यवस्थापनको पक्ष राम्रो रहेको सङ्केत गर्दछ ।

शिक्षण सिकाइ क्रियाकलापको प्रभावकारिता सिकाइमा ज्ञानको थुप्रो मात्र लगाउनेमा भन्दा विद्यार्थीहरूको व्यवहारमा परिवर्तन गर्ने र जीवनोपयोगी सीप प्रदान गर्ने पक्ष सँग सम्बन्धित छ । बालकेन्द्रित सिकाइ पद्धति कक्षाकोठामा कार्यान्वयन गर्नका लागि शिक्षकमा केही सीपहरू हुनु आवश्यक पर्दछ । यसको तयारीमा विद्यालय र स्वयम् शिक्षकले नै ध्यान पुऱ्याउनु पर्छ । कुनै पनि कक्षाकोठालाई बालमैत्री पूर्ण बनाउन आवश्यक पर्ने प्रमुख आधारस्तम्भ बालमैत्री पूर्ण शिक्षण सिकाइ क्रियाकलाप नै हुन् भन्ने मत अधिकांश शिक्षक, प्र.अ., वि.व्य.स. अध्यक्ष, अभिभावक, विद्यार्थीहरू तथा अन्य सरोकारबालाहरूले व्यक्त गरेको पाइयो । तर केही अभिभावकहरूले हाल सञ्चालन भइरहेको शिक्षण सिकाइ क्रियाकलापहरूका सन्दर्भमा आफूहरू असन्तुष्ट रहेको राय व्यक्त गरेको पाइयो । हाम्रा अभिभावकहरू अझै पनि शिक्षकको हातमा लठ्ठी हुनुपर्छ भन्ने मान्यताबाट गुज्रिरहेका छन् । अली–अली नकुटी, डर नदेखाइ केटाकेटीले पढ्नै नसक्ने मान्यता

राख्नुहुने अभिभावकहरूलाई बालमैत्री अवधारणा अनुसार सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलाप तत्काल मन नपर्नु स्वभाविक नै हो । अबको केही समय पछि यस्तो शिक्षण सिकाइ क्रियाकलापले शैक्षिक उपलब्धिमा ल्याएको परिवर्तनले वहाँहरूको मान्यतामा परिवर्तन ल्याउन सक्ने कुरामा विश्वास गर्न सकिन्छ ।

नमुना छनौटमा परेका अधिकांश विद्यालयका बालमैत्री कक्षाकोठाहरूमा शिक्षकहरूले विना कुटपटि, मायालु तथा सहयोगी व्यवहार गर्दै विद्यार्थीहरूलाई पढाएको पाइयो  कक्षाकोठामा विभिन्न जात–जाति, लिङ्ग, धर्म, वर्ग आदिका आधारमा शिक्षकहरूले भेदभाव गरेको पाइएन । अधिकांश विद्यालयहरूमा विभिन्न शैक्षिक सामग्रीहरूको प्रयोग गर्दै बालकेन्द्रित शिक्षण विधि अपनाएर शिक्षण गरेको पाइयो । बालमैत्री कक्षाकोठामा शिक्षकहरूले विद्यार्थीहरूलाई निरन्तर मूल्याङ्कन गर्दै स्यावास्, धन्यवाद जस्ता सकारात्मक पुनर्वलहरू प्रयोग गर्दै शिक्षण गरेको पाइयो । पाठ र विषयवस्तुको प्रकृति अनुसार शिक्षण–सिकाइ कार्यलाई सहज बनाउन विभिन्न कक्षा क्रियाकलापहरू पनि बालमैत्री कक्षाकोठामा सञ्चालन गरेको पाइयो । बालमैत्री कक्षाकोठाहरूको अवलोकन गर्दा पाइएका कक्षा क्रियाकलापहरूको विश्लेषण यहाँ उल्लेख गरिएको छ :

### क) खेलको माध्यमबाट सिकाइ

खास गरी प्राथमिक तहका विद्यार्थीहरूको विकासात्मक अवस्थालाई उत्तर बाल्यावस्थाको उमेर समूहका बालबालिकाहरू भनिन्छ । यो अवस्थाको प्रमुख विशेषता नै 'खेलको उमेर' हो । बालबालिकाको लागि रुचि अनुसार शिक्षण भन्ने सिद्धान्तको प्रयोग गर्न शिक्षण सिकाइ क्रियाकलाप नै खेल हुनसक्छ तर यस्तो खेलको उद्देश्य शुद्ध रूपमा खेल खेल्नु मात्र नभएर सिकाइ उपलब्धि पूरा गर्नु नै हुनुपर्छ । यसरी खेल विधि प्रयोग गरेर गणित, सामाजिक, विज्ञान तथा भाषाका कक्षाहरू पनि सञ्चालन गर्न सकिन्छ । यसको प्रयोग बालमैत्री कक्षाहरूमा गरेको देखियो । बालमैत्री कक्षाकोठामा प्रयोग गरिएका खेलहरूको तालिका अनुसूची ८ मा गरिएको छ ।

### ख) बालगीत तथा बाल कविताहरूको प्रयोग

गीत गाउनु रमाइलो पनि हो । विभिन्न बालगीतको प्रयोग सँगसँगै बालबालिकाहरूलाई पाठसँग सम्बन्धित विषयवस्तुको ज्ञान प्रदान गर्न सकिन्छ । नमुना छनौटमा परेका अधिकांश विद्यालयहरूमा बालगीतहरू गाउन लगाएको पाइयो । विद्यार्थीहरू पनि सामान्य हाउभाउ सहित बालगीतहरू तथा

गीत कविताहरू गाउन मन पराउने गरेको देखियो । यसबाट बालबालिकाहरूको सिर्जनात्मकतामा वृद्धि हुने र सिकाइ पनि सरल र प्रभावकारी हुने देखिन्छ ।

ग) पज्जलहरूको प्रयोग

चित्र पज्जल (चित्रलाई काटेर टुक्राहरू जोडी सिङ्गो चित्र बनाउने), गणितीय पज्जलहरू भाषाका पज्जलहरू तथा अन्य बौद्धिक एवम् आइ.क्यू. सम्बन्धी पज्जलहरू मध्ये कुनै न कुनै पज्जलहरूको प्रयोग अधिकांश विद्यालयहरूमा भएको पाइयो । बौद्धिक विकास तथा सिर्जनात्मकताका लागि यी पज्जलहरू उपयोगी छन् । केही पज्जलहरू विद्यार्थीहरूले सहजरूपमा नै समाधान गर्न सकेको अवस्था देखिएको हुँदा यसबाट बालबालिकाहरूको बौद्धिक सक्षमता प्रदर्शित हुन गएको देखिन्छ । मास्तिष्क मन्थन तथा मस्तिष्क झन्कार विधिको समेत प्रयोग यसको सबल पक्ष हो ।

घ) अभिनय तथा नाटकीकरण

पाठ र विषयवस्तुको प्रकृति अनुसार पाठमा उल्लेखित विभिन्न पात्रहरूको अभिनय गर्ने, नक्कल गर्ने, नाटक खेल्ने जस्ता क्रियाकलापमा नमुना विद्यालयका धेरैजसो बालबालिकाहरू सक्रिय रूपमा सहभागी भएको देखियो । यस्तो क्रियाकलापले बालबालिकाहरूलाई पाठ तथा विषयवस्तु प्रभावकारी रूपबाट बुझ्न सहज भएको पाइयो । शिक्षकहरूलाई पनि यस्ता क्रियाकलापहरू सञ्चालन गर्न सहज भएको र अभिभावकहरूले समेत यस्ता कक्षा क्रियाकलापहरू मन पराएको अवस्था देखियो ।

ङ) नृत्य गर्ने तथा चित्र बनाउने

नृत्य गर्ने तथा चित्र बनाउने यी दुवै अतिरिक्त क्रियाकलाप भए पनि नमुना विद्यालयहरूमा यिनीहरूलाई कक्षा क्रियाकलापको रूपमा प्रयोग गरेको देखियो । एकोहोरो शिक्षण सिकाइ क्रियाकलापमा मात्र नलागी बेलाबलामा फ्रेस हुन तथा रमाइलो गर्न कक्षाकोठामा नै बालबालिकाहरूलाई नृत्य गर्न लगाउने गरेको पाइयो । यस्तो क्रियाकलापले बालबालिकाको दिमागी ताजापनका साथै मनोरञ्जन पनि प्रदान गर्ने गर्दछ । साथै नमुना विद्यालयका कक्षाकोठामा बालबालिकाहरूलाई पाठसँग सम्बन्धित एवम् अन्य फूल, घर, रूख, चरा इत्यादीका चित्रहरु बनाउन लगाएको पनि पाइयो । यस क्रियाकलापकले बालबालिकाको सिर्जनात्मक दक्षता वृद्धि गर्न सहयोग गरेको पाइयो । बालबालिकाहरूले बनाएका यस्ता चित्रहरू कक्षाकोठाका भित्ता तथा शैक्षिक सामग्री प्रदर्शन गर्ने बोर्डमा सजाएको पाइयो ।

च) परियोजना कार्य

नमुना विद्यालयहरूमा विद्यार्थीहरूलाई स्व–सिकाइ क्रियाकलापको रूपमा परियोजना कार्य दिइने गरेका पाइयो । बालबालिकाहरूलाई आफ्नो गाउँ, टोल, शहर इत्यादीको बारेमा विवरण लेख्न लगाउने, आफ्नो गाउँ, टोलको चित्रसमेत बनाएर ल्याउन लगाउने जस्ता परियोजना कार्यहरू दिने गरेको पाइयो । यस्तो परियोजना कार्यबाट नै बालबालिकाहरू खोज तथा अनुसन्धानात्मक कार्यमा समेत लाग्न सक्दछन् भन्ने मत प्र.अ. तथा शिक्षकहरूको मत रहेको पाइयो ।

छ) कार्य विभाजन तथा जिम्मेवारी तालिका

स्वयम् विद्यार्थीहरूका लागि नै कक्षाकोठा भित्रका तथा विद्यालय हाताभित्रका कार्यसम्बन्धी प्रत्येक दिनका लागि कार्य जिम्मेवारी तोकिएको पाइयो । यस्तो जिम्मेवारी बाडँफाँडले गर्दा विभिन्न काम, कर्तव्यमा विद्यार्थीहरूमा आफ्नै काम हो, आफ्नै कक्षाकोठा, विद्यालय हो भन्ने जस्ता अपनत्वको भावनाको विकास गरी कक्षाकोठा व्यवस्थापनमा थप सहयोग पुगेको पाइयो । यस्तो कार्य विभाजनबाट बालबालिकाहरूलाई विभिन्न जीवनोपयोगी सीपहरूको सिकाइ गराउन सकिन्छ । तसर्थ कार्य विभाजन तथा जिम्मेवारी बाडँफाँड पनि शिक्षण सिकाइ क्रियाकलापको व्यवस्थापन अन्तर्गत नै पर्दछ ।

## ४.२ बालमैत्री कक्षाकोठा व्यवस्थापनबारे सरोकारवालाहरूको धारणा

कस्तो कक्षाकोठालाई बालमैत्री कक्षाकोठा भनिन्छ ? कक्षाकोठालाई बालमैत्रीपूर्ण बनाउन के के गर्नुपर्छ ? बालमौत्री कक्षाकोठाका विशेषताहरू के कस्ता हुन्छन् ? बालमैत्री कक्षाकोठामा कस्ता शैक्षणिक क्रियाकलाप तथा कक्षा क्रियाकलापहरू सञ्चालन गरिन्छन् ? बालमैत्री कक्षाकोठाका समस्याहरू कस्ता रहन्छन् ? भन्ने जस्ता विविध प्रश्नहरू नमुना विद्यालयका प्र.अ., शिक्षकहरू, वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरू सँग सोधिएको थियो । यी प्रश्नहरूका आधारमा प्रश्नावली फारमको प्रयोग गरी सरोकारबालाहरूको विचार वा धारणा सङ्कलन गरी समस्या समाधानका उपायहरूको खोजी गर्न उनीहरूसँग लिइएको विवरणको नतिजा यस प्रकार रहेको छ :

### ४.२.१ बालमैत्री कक्षाकोठाको विशेषता सम्बन्धी सरोकारवालाहरूको धारणा

बालमैत्री कक्षाकोठाको विशेषताहरूका सन्दर्भमा नमुना विद्यालयका पाँच जना प्र.अ. तथा दश जना शिक्षकहरू, पाँच जना वि.व्य.स.अध्यक्षहरू, एक स्रोतव्यक्ति तथा दशजना अभिभावकहरूले आ–आफ्ना विचारहरू व्यक्त गर्नु भएको थियो । सो उत्तरका आधारमा प्राप्त सूचनाहरूलाई यहाँ विश्लेषण गरिएको छ :

#### क) प्र.अ. तथा शिक्षकहरूको धारणा

बालमैत्री कक्षाकोठा कस्तो हुनुपर्छ भन्ने प्रश्नमा प्र.अ. तथा शिक्षकहरूबाट प्राप्त धारणालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :


तालिका नं. ८

बालमैत्री कक्षाकोठाको विशेषता

| क. स. | बालमैत्री कक्षाकोठाको विशेषता | प्र.अ. तथा शिक्षक सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उपयुक्त भौतिक वातावरण भएको | १५ | १००% |
| २ | बाल सहभागितामा जोड दिने | १५ | १००% |
| ३ | दण्डरहित वातावरण भएको | १५ | १००% |
| ४ | विभेद रहित वातावरण भएको | १५ | १००% |
| ५ | सक्रिय शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको | १२ | ८०% |
| ६ | शान्त र सुरक्षित वातावरण | १२ | ८०% |
| ७ | बाल अधिकार सुनिश्चित भएको | १२ | ८०% |
| ८ | बालकेन्द्रित कक्षा क्रियाकलाप सञ्चालन भएको | १५ | १००% |
| ९ | समावेशीकरणको अवस्था भएको | १२ | ८०% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिकालाई स्तम्भ चित्रमा प्रस्तुत गर्दा,




माथिको तालिका अनुसार उपयुक्त भौतिक वातावरण भएको, बालसहभागीतामा जोड दिने, दण्डरहित वातावरण भएको, विभेदरहित वातावरण भएको, बालकेन्दित कक्षा क्रियाकलाप सञ्चालन भएको भन्ने जस्ता विशेषताहरू बालमैत्री कक्षाकोठामा हुनुपर्ने कुरामा सतप्रतिशत उत्तरदाताहरू ( प्र.अ. र शिक्षक) ले जोड दिएका छन् भने सक्रिय शिक्षण–सिकाइ क्रियाकलाप सञ्चालन भएको, शान्त र सुरक्षित वातावरण, समावेशीकरणको अवस्था भएको भन्ने विशेषतामा ८०% उत्तरदाताहरूले आफ्नो विचार प्रकट गरेका छन् ।

माथिको विश्लेषणका आधारमा उपयुक्त भौतिक वातावरण भएको, बालसहभागितामा जोड दिन, दण्डरहित वातावरण भएको, विभेदरहति वातावरण भएको, सक्रिय शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन भएको, शान्त र सुरक्षित वातावरण भएको, बालअधिकार सुनिश्चित भएको, बालकेन्द्रित कक्षा क्रियाकलाप सञ्चालन भएको र समावेशीकरणको अवस्था भएको कक्षाकोठालाई नै बालमैत्री कक्षाकोठा भन्न सकिन्छ ।

## ख) वि.व्य.स.अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूको धारणा

वि.व्य.स.अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूको धारणालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :


तालिका नं. ९

बालमैत्री कक्षाकोठाको विशेषता

| क्र. स. | बालमैत्री कक्षाकोठाको विशेषता | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | उपयुक्त भौतिक अवस्था | १६ | १००% |
| २ | बाल सहभागितामा जोड | १६ | १००% |
| ३ | दण्डरहित वातावरण | १६ | १००% |
| ४ | विभेद रहित वातावरण | १६ | १००% |
| ५ | शान्त र सुरक्षित वातावरण | १६ | १००% |
| ६ | बाल अधिकार सुनिश्चितता | १६ | १००% |
| ७ | समावेशीकरणको अवस्था | १५ | ९३.७५% |
| ८ | सक्रिय शिक्षण सिकाइ क्रियाकलाप भएको | १६ | १००% |
| ९ | बालकेन्द्रित कक्षा क्रियाकलाप भएको | १५ | ९३.७५% |
| | जम्मा | १६ जना | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिकालाई स्तम्भ चित्रमा प्रस्तुत गर्दा,



उपर्युक्त तालिका अनुसार विकल्पमा दिइएका विशेषताहरूमध्ये उपयुक्त भौतिक अवस्था, बालसहभागितामा जोड, दण्डरहित वातावरण, विभेदरहित वातावरण, शान्त र सुनिश्चित वातावरण, बालअधिकारको सुनिश्चित, सक्रिय शिक्षण सिकाई क्रियाकलाप भएको भन्ने विशेषताहरूमा सतप्रतिशत उत्तरदाताहरू सहमत भएको पाइयो भने समावेशीकरणको अवस्था र बालकेन्द्रित कक्षा क्रियाकलाप भएको भन्ने विशेषताहरूमा ९३.७५% उत्तरदाताहरू सहमत भएको पाइयो ।

माथिको विश्लेषणबाट बालमैत्री कक्षाकोठामा उपयुक्त भौतिक अवस्था, बालसहभागितामा जोड, दण्डरहित वातावरण, विभेदरहित वातावरण, शान्त र सुरक्षित वातावरण, बालअधिकारको सुनिश्चितता, सक्रिय शिक्षण सिकाइ क्रियाकलाप भएको, समावेशीकरणको अवस्था तथा बालकेन्द्रित कक्षा क्रियाकलाप भएको भन्ने जस्ता विशेषताहरू हुनुपर्दछ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

४.२.२ बालमैत्री कक्षाकोठामा शिक्षकको भूमिकाका सन्दर्भमा सरोकारवालाहरूको धारणा

बालमैत्री कक्षाकोठामा शिक्षण–सिकाइ क्रियाकलाप सञ्चालन गर्ने प्रमुख दायित्व नै शिक्षकको रहन्छ । शिक्षकले नै कक्षाकोठाको शैक्षणिक, भौतिक एवम् विद्यार्थीको बसाइ व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । बालमैत्री कक्षाकोठामा शिक्षकको भूमिकाका सन्दर्भमा नमुना छनौटमा परेका विद्यालयहरूका प्र.अ., शिक्षकहरू, वि.व्य.स. अध्यक्षहरू, स्रोतव्यक्ति तथा अभिभावकहरूको धारणा यस प्रकार रहेको पाइयो ।

क) प्र.अ.तथा शिक्षकहरूको धारणा

बालमैत्री कक्षाकोठामा शिक्षकको भूमिकाको सन्दर्भमा प्र.अ. तथा शिक्षकहरूको धारणालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :


तालिका १०

बालमैत्री कक्षाकोठामा शिक्षकको भूमिका

| क. स. | शिक्षकको भूमिका | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सधैं सक्रिय रहने | १२ | ८०% |
| २ | आवश्यकता अनुसार सक्रिय हुने | ६ | ४०% |
| ३ | विद्यार्थीको उत्प्रेरक हुने | १२ | ८०% |
| ४ | विद्यार्थीको सहयोगी मित्र हुने | १५ | १००% |
| ५ | निर्देशक र पथ प्रदर्शक | १५ | १००% |
| ६ | कडा स्वभावमा प्रस्तुत हुने | ६ | ४०% |
| ७ | औपचारिकता मात्र निर्वाह गर्ने | ३ | २०% |
| | जम्मा | १५ जना | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

उक्त माथिको तालिकालाई स्तम्भ चित्रमा प्रस्तुत गर्दा,




बालमैत्री कक्षाकोठामा शिक्षकको भूमिका विद्यार्थीको सहयोगी मित्र, निर्देशक र पथ प्रदर्शक हुनुपर्दछ भन्ने धारणामा १००% उत्तरदाताहरू सहमत रहेको पाइयो । त्यसैगरी कक्षाकोठामा शिक्षक सधैं सक्रिय रहने, विद्यार्थीको उत्प्रेरक हुने भूमिकामा ८०% उत्तरदाताहरूले आफ्नो धारणा व्यक्त गरेको देखियो भने शिक्षकको भूमिका आवश्यकता अनुसार सक्रिय हुने, कडा स्वभावमा प्रस्तुत हुने धारणामा ४०% उत्तरदाताहरू र औपचारिकता मात्र निर्वाह गर्ने धारणमा २०% उत्तरदाताहरू सहमत रहेको देखियो । कक्षाकोठामा शिक्षकको भूमिका निस्क्रिय रहने धारणामा कुनै पनि उत्तरदाता सहमत नभएको पाइयो । यस विश्लेषणका आधारमा बालमैत्री कक्षाकोठामा शिक्षकको भूमिका सधैं सक्रिय रहने, आवश्यकता अनुसार सक्रिय हुने, विद्यार्थीको उत्प्रेरक हुने, विद्यार्थीको सहयोग मित्र हुने, निर्देशक र पथ प्रदर्शक, कडा स्वभावमा प्रस्तुत हुने, औपचारिकता मात्र निर्वाह गर्ने हुनु पर्दछ भन्ने तथ्य प्राप्त हुन्छ।

## ख) वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूको धारणा

बालमैत्री कक्षाकोठामा शिक्षकको भूमिकाको सन्दर्भमा वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूको धारणा निम्न तालिकामा प्रस्तुत गरिएको छ :


तालिका ११

बालमैत्री कक्षाकोठामा शिक्षकको भूमिका

| क. स. | शिक्षकको भूमिका | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सधैं सक्रिय रहने | १६ | १००% |
| २ | आवश्यकता अनुसारा सक्रिय हुने | ४ | २५% |
| ३ | विद्यार्थीको उत्प्रेरक | १६ | १००% |
| ४ | विद्यार्थीको सहयोगी मित्र | १६ | १००% |
| ५ | निर्देशक र पथ प्रदर्शक | १६ | १००% |
| ६ | कडा स्वभावमा प्रस्तुत हुने | १२ | ७५% |
| ७ | औपचारिकता मात्र निभाउने | – | – |
| | जम्मा | १६ जना | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

उक्त माथिको तालिकालाई स्तम्भ चित्रमा प्रस्तुत गर्दा,




माथिको तालिका अनुसार बालमैत्री कक्षाकोठामा शिक्षकको भूमिका सधैं सक्रिय रहने, विद्यार्थीको उत्प्रेरक, विद्यार्थीको सहयोगी मित्र, निर्देशक र पथप्रदर्शकको रूपमा हुनुपर्दछ भन्ने धारणामा सतप्रतिशत उत्तरदाताहरू सहमत भएको पाइयो । त्यसै गरी कक्षाकोठामा शिक्षक कडा स्वभावमा

प्रस्तुत हुनुपर्छ भन्ने धारणामा ७५% उत्तरदाताहरू सहमत भएको पाइयो भन्ने कक्षाकोठामा शिक्षक निस्क्रिय रहने तथा औपचारिकता मात्र पूरा गर्ने भूमिकामा प्रस्तुत हुनुपर्दछ भन्ने धारणामा कोही पनि उत्तरदाता सहमत नभएको पाइयो ।

यस विश्लेषण अनुसार बालमैत्री कक्षाकोठामा शिक्षकको भूमिका सधै सक्रिय रहने, विद्यार्थीको उत्प्रेरक, विद्यार्थीको सहयोगी मित्र, निर्देशक र पथप्रदर्शक, कडा स्वभावमा प्रस्तुत भएर अनुशासन कायम गराउन सक्ने हुनुका साथै आवश्यकता अनुसार सक्रिय हुने खालको पनि हुनुपर्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.३ बालमैत्री कक्षाकोठामा सञ्चालित कक्षा क्रियाकलापहरूका सन्दर्भमा सरोकारवालाहरूको धारणा

यस शोधको नमुना छनौटमा परेका बालमैत्री विद्यालयहरूका बालमैत्री कक्षाकोठामा सञ्चालन गरिने कक्षा क्रियाकलापमा सन्दर्भमा प्र.अ., शिक्षकहरू, वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूको धारणा निम्नानुसार प्राप्त भयो :

#### क) प्र.अ. तथा शिक्षकहरूको धारणा

बालमैत्री कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी प्र.अ. तथा शिक्षकहरूको धारणा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १२

बालमैत्री कक्षाकोठामा सञ्चालन गरिने कक्षा क्रियाकलाप

| क. स. | कक्षा क्रियाकलापहरू | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | खेलहरू खेलाउने | १५ | १००% |
| २. | बालगीत गाउन लगाउने | १५ | १००% |
| ३. | कथा, कविता भन्न लगाउने | १५ | १००% |
| ४. | पज्जलहरूको प्रयोग | ६ | ४०% |
| ५. | अभिनय नाटकीकरण | १२ | ८०% |

| | | | |
|---|---|---|---|
| ६. | शैक्षिक सामग्री बनाउन सिकाउने | १२ | ८०% |
| ७. | नृत्य गर्न लगाउने | १२ | ८०% |
| ८. | परियोजना कार्य | ९ | ६०% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार बालमैत्री कक्षाकोठामा खेल खेलाउने, बालगीत गाउन लगाउने, कथा कविता भन्न लगाउने जस्ता कक्षा क्रियाकलापहरू सञ्चालन गर्नुपर्छ भन्ने धारणा १००% उत्तरदाताहरूले राखेको पाइयो । त्यस्तै अभिनय, नाटकीकरण, शैक्षिक सामग्री बनाउन सिकाउने, नृत्य गर्न लगाउने जस्ता कक्षा क्रियाकलापहरूमा ८०% उत्तरदाताहरू सहमत रहेको पाइयो । बालमैत्री कक्षाकोठामा परियोजना कार्य दिनुपर्छ भन्ने धारणा ६०% र पज्जलहरूको प्रयोग गर्नुपर्छ भन्ने धारणामा ४०% उत्तरदाताहरूले आफ्नो विचार प्रकट गरेको देखियो ।

माथि प्रस्तुत गरिएको विभिन्न बालमैत्री विद्यालयका प्र.अ. तथा शिक्षकहरूले दिएको उत्तरका आधारमा विश्लेषण गर्दा बालमैत्री कक्षाकोठामा खेलको माध्यमबाट कक्षा क्रियाकलापहरू सञ्चालन गरी विषयवस्तुको शिक्षण गर्ने, उपयुक्त किसिमका बालगीत, कथा, कविताहरूको प्रयोग गरी कक्षा क्रियाकलापहरू सञ्चालन गर्ने, विषयवस्तु अनुसार विद्यार्थीलाई विभिन्न भूमिकामा अभिनय तथा नाटकीकरण गर्न लगाउने, विद्यार्थीहरूको क्षमता र विषयवस्तु अनुसार विद्यार्थीहरूलाई परियोजना कार्य गर्न लगाउने, नृत्य गर्न लगाउने जस्ता कक्षा क्रियाकलापहरू सञ्चालन गर्न सकिन्छ ।

### ख) वि.व्य.स.अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूको धारणा

बालमैत्री कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलाप सम्बन्धी वि.व्य.स.अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूको धारणा निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १३

बालमैत्री कक्षाकोठामा सञ्चालन गरिने कक्षा क्रियाकलाप

| क्र. स. | कक्षा क्रियाकलापहरू | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खेलहरू खेलाउने | १६ | १००% |
| २ | बालगीत गाउन लगाउने | १६ | १००% |
| ३ | कथा, कविता भन्न लगाउने | १६ | १००% |
| ४ | पज्जलहरूको प्रयोग | १२ | ७५% |
| ५ | अभिनय नाटकीकरण | १२ | १००% |
| ६ | शैक्षिक सामग्री बनाउन सिकाउने | १६ | १००% |
| ७ | नृत्य गर्न लगाउने | १६ | १००% |
| ८ | परियोजना कार्य | १० | ६२.५०% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार बालमैत्री कक्षाकोठामा खेलहरू खेलाउने, बालगीत गाउन लगाउने, कथा कविता भन्न लगाउने नृत्य गर्न लगाउने तथा शैक्षिक सामग्री बनाउन लगाउने जस्ता कक्षा क्रियाकलापहरू सञ्चालन गर्नु उपयुक्त हुन्छ भन्ने धारणमा सतप्रतिशत उत्तरदाताहरू सहमत भएको पाइयो भने पज्जलहरूको प्रयोग र अभिनय नाटकीकरण जस्ता कक्षा क्रियाकलापहरूमा ७०% उत्तरदाताहरू सहमत भएको पाइयो । त्यस्तै कक्षाकोठामा परियोजना कार्य दिने जस्तो कक्षा क्रियाकलाप सञ्चालन गर्नु उपयुक्त हुन्छ भन्ने धारणामा ६२.५% उत्तरदाताहरू सहमत भएको पाइयो ।

यस विश्लेषणको आधारमा बालमैत्री कक्षाकोठामा खेलहरू खेलाउने, बालगीत गाउन लगाउने, कथा कविता भन्न लगाउने, नृत्य गर्न लगाउने, शैक्षिक सामग्री बनाउन लगाउने, पज्जलहरूको प्रयोग, अभिनय, नाटकीकरण तथा परियोजना कार्य दिने जस्ता कक्षा क्रियाकलापहरू सञ्चालन गर्नु उपयुक्त हुन्छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.४ बालमैत्री कक्षाकोठा व्यवस्थापनमा दायित्वका सन्दर्भमा सरोकारवालाहरूको धारणा

कुनै पनि कक्षाकोठालाई बालमैत्री बनाउन कस–कसको दायित्व सबैभन्दा बढी हुन्छ भन्ने विषयमा नमुना विद्यालयहरूका प्र.अ., शिक्षकहरू, वि.व्य.स.अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूको प्रतिक्रिया लिइएको थियो, जुन निम्नानुसार विश्लेषण गरिएको छ :

#### क) प्र.अ. तथा शिक्षकहरूको धारणा

बालमैली कक्षाकोठा व्यवस्थापनमा दायित्वका सन्दर्भमा प्र.अ. तथा शिक्षकहरूको धारणालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १४

बालमैत्री कक्षाकोठामा सञ्चालन गरिने कक्षा क्रियाकलाप

| क. स. | कक्षा क्रियाकलापहरू | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्र.अ.को | - | - |
| २ | शिक्षकको | - | - |
| ३ | प्र.अ. र शिक्षकको | १२ | ८०% |
| ४ | जि.शि.का.को | ३ | २०% |
| ५ | सरकारको | - | - |
| ६ | अन्य सङ्घसंस्थाको | - | - |
| ७ | अभिभावकको | - | - |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

यस तालिकालाई विश्लेषण गर्दा कुनै पनि कक्षाकोठालाई बालमैत्रीपूर्ण बनाउन प्र.अ. र शिक्षकको दायित्व सबैभन्दा बढी हुन्छ हुन्छ भन्ने प्रतिक्रिया प्रकट गर्ने उत्तरदाताहरू ८०% रहेको पाइयो भने यस कार्यमा जि.शि.का.को सबभन्दा बढी भूमिका वा दायित्व हुन्छ। भन्ने प्रतिक्रिया दिने उत्तरदाताहरू २०% रहेको पाइयो। त्यसैगरी कक्षाकोठालाई बालमैत्रीपूर्ण बनाउन सरकार, प्र.अ.को, शिक्षकको, अन्य संघसंस्थाको, अभिभावकको भूमिका गौण रहने प्रतिक्रिया प्रकट भएको पाइयो।

यस तालिकाको विश्लेषणबाट कक्षाकोठालाई बालमैत्रीपूर्ण बनउने कार्यमा प्रमुख दायित्व प्र.अ. र शिक्षक दुवैको हुन्छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## ख) वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूको धारणा

बालमैत्री कक्षाकोठा व्यवस्थापनमा दायित्वका सन्दर्भमा वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूको धारणालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १५

बालमैत्री कक्षाकोठामा सञ्चालन गरिने कक्षा क्रियाकलाप

| क. स. | कक्षा क्रियाकलापहरू | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | प्र.अ.को मात्र | - | - |
| २ | शिक्षकको मात्र | - | - |
| ३ | प्र.अ. र शिक्षक दुवैको | १२ | ७५% |
| ४ | जि.शि.का.को | ४ | २५% |
| ५ | सरकारको | - | - |
| ६ | अन्य सङ्घसंस्थाको | - | - |
| ७ | अभिभावकको | - | - |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिकालाई विश्लेषण गर्दा बालमैत्री कक्षाकोठा व्यवस्थापन कार्यमा सबभन्दा बढी दायित्व प्र.अ. र शिक्षक दुवैको रहने विकल्पमा ७५% उत्तरदाताहरू सहमत भएको पाइन्छ भने यस कार्यमा जि.शि.का.को पनि महत्वपूर्ण भूमिका रहन्छ भन्ने विकल्पमा २५% उत्तरदाताहरू सहमत भएको देखिन्छ । तालिका अनुसार बालमैत्री कक्षाकोठा व्यवस्थापनमा प्र.अ. मात्रैको, शिक्षक मात्रैको, सरकारको, अन्य सङ्घसंस्थाको तथा अभिभावकको सबभन्दा बढी दायित्व हुन्छ भन्ने धारणामा कोही पनि उत्तरदाता सहमत भएको पाइँदैन ।

यस विश्लेषणबाट बालमैत्री कक्षाकोठा व्यवस्थापनको सन्दर्भमा सबभन्दा बढी दायित्व तथा जिम्मेवारी प्र.अ. र शिक्षक दुवैको हुनुपर्दछ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.२.५ बालमैत्री कक्षाकोठामा समस्या सन्दर्भमा सरोकारवालाहरूको धारणा

बालमैली कक्षाकोठा व्यवस्थापनका क्रममा विभिन्न कठिनाइहरू तथा समस्याहरू आउने गर्दछन् । त्यस्ता समस्याहरूका सन्दर्भमा नमुना छनौटमा परेका विद्यालयका प्र.अ., शिक्षकहरू, वि.व्य.स.अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरू सँग प्रश्न सोधिएको थियो । उत्तरदाताहरूबाट आएका उत्तरहरूलाई निम्नानुसार तालिकामा विश्लेषण गरिएको छ :

क) प्र.अ. तथा शिक्षकहरूको धारणा

बालमैत्री कक्षाकोठा व्यवस्थापनमा भएका समस्याहरूका सन्दर्भमा प्र.अ. तथा शिक्षकहरूको धारणालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १६

बालमैत्री कक्षाकोठाका समस्याहरू

| क. स. | समस्याहरू | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भौतिक व्यवस्थापनमा कठिनाइ | १५ | १००% |
| २ | तालिम प्राप्त शिक्षकको अभाव | ९ | ६०% |
| ३ | विद्यालयको कमजोर आर्थिक अवस्था | १५ | १००% |
| ४ | पर्याप्त शैक्षिक सामग्री नहुनु | १५ | १००% |
| ५ | अभिभावकका चेतनाको कमी हुनु | ९ | ६०% |
| ६ | माथिल्ला कक्षहरू बालमैत्री नहुनु | १५ | १००% |
| ७ | नियमित पृष्ठपोषणको अभाव | १२ | ८०% |
| ८ | फरक–फरक पृष्ठभूमिका विद्यार्थीहरू हुनु | १२ | ८०% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार भौतिक व्यवस्थापन कठिनाइ, विद्यालयको कमजोर आर्थिक अवस्था, पर्याप्त शैक्षिक सामग्री नहुनु, माथिल्ला कक्षाहरू बालमैत्री नहुनु जस्ता समस्याहरूमा सतप्रतिशत उत्तरदाताहरू सहमत भएको पाइयो भने नियमित पृष्ठपोषणको अभाव र फरक फरक पृष्ठभूमिका विद्यार्थीहरू हुनु जस्ता समस्याहरूमा ८०% उत्तरदाताहरू सहमत भएको पाइयो । त्यसै गरी तालिम

प्राप्त शिक्षकको अभाव र अभिभावकमा चेतनाको कमि हुनु पनि बालमैत्री कक्षाको व्यवस्थापनका समस्यहरू हुन् भन्ने धारणामा ६०% उत्तरदाताहरू सहमत भएको पाइयो ।

यस विश्लेषणबाट बालमैत्री कक्षाकोठा व्यवस्थापनमा देखिएका प्रमुख समस्याहरू भौतिक व्यवस्थापनमा कठिनाई विद्यालयको कमजोर आर्थिक अवस्था, माथिल्ला कक्षाहरू बालमैत्री नहुनु, नियमित पृष्ठपोषणको अभाव, फरक–फरक पृष्ठभूमिका विद्यार्थीहरू हुनु, तालिम प्राप्त शिक्षकको अभाव तथा अभिभावकमा चेतनाको कमी हुनु जस्ता समस्याहरू विद्यमान छन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

## ख) वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूको धारणा

बालमैत्री कक्षाकोठा व्यवस्थापनमा भएका समस्याहरूका सन्दर्भमा वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूको धारणालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १७

बालमैत्री कक्षाकोठाका समस्याहरू

| क्र. स. | समस्याहरू | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | भौतिक व्यवस्थापनमा कठिनाइ | १६ | १००% |
| २ | तालिम प्राप्त शिक्षकको अभाव | १२ | ७५% |
| ३ | विद्यालयको कमजोर आर्थिक अवस्था | १२ | ७५% |
| ४ | पर्याप्त शैक्षिक सामग्री नहुनु | १६ | १००% |
| ५ | अभिभावकमा चेतनाको कमी | १६ | १००% |
| ६ | माथिल्ला कक्षाहरू बालमैत्री नहुनु | १६ | १००% |
| ७ | नियमित पृष्ठपोषणको अभाव | १६ | १००% |
| ८ | फरक फरक पृष्ठभूमिका विद्यार्थीहरू हुनु | १६ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार भौतिक व्यवस्थापनमा कठिनाई, पर्याप्त शैक्षिक सामग्री नहुनु, अभिभावकमा चेतनाको कमि, माथिल्ला कक्षाहरू बालमैत्री नहुनु, नियमित पृष्ठपोषणको अभाव, फरक फरक पृष्ठभूमिका विद्यार्थीहरू हुनु जस्ता समस्याहरूमा १००% उत्तरदाताहरूले सहमति जनाएको पाइयो भने तालिम प्राप्त शिक्षकको अभाव तथा विद्यालयको कमजोर आर्थिक अवस्था जस्ता समस्याहरूमा ७५% उत्तरदाताहरूले सहमति जनाएको पाइयो ।

यस विश्लेषणका आधारमा बालमैत्री कक्षाकोठा व्यवस्थापनका सन्दर्भमा भौतिक व्यवस्थापनको कठिनाई, पर्याप्त शैक्षिक सामग्री नहुनु, अभिभावकमा चेतनाको कमि, माथिल्ला कक्षाहरूमा बालमैत्री अवधारणा लागू नहुनुले निम्त्याएका समस्याहरू, नियमित पृष्ठपोषणको अभाव जस्ता समस्याहरू, विद्यमान रहेको छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## ४.२.६ बालमैत्री कक्षाकोठा व्यवस्थापनमा विद्यमान समस्या समाधानका उपायहरूको सन्दर्भमा सरोकारवालाहरूको धारणा

कक्षकोठालाई बालमैत्रीपूर्ण बनाउने क्रममा विभिन्न समस्याहरू देखिने गर्दछन् । कक्षाकोठालाई बालमैत्री बनाइसके पछि त्यसलाई निरन्तरता दिन नसक्नु अर्थात् गाह्रो पर्नु अर्को ठूलो चुनौती हो । तर जहाँ समस्या त्यहाँ समाधान पनि पक्कै हुन्छ । बालमैत्री कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरू समाधान गर्ने नसकिने भने होइन । यस्ता समस्याहरू कसरी समाधान गर्न सकिन्छ ? भन्ने सवालमा आधारित रही नमुना छनौटमा परेका विद्यालयका वि.व्य.स.अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूमा गरिएको सर्वेक्षणको नतिजालाई निम्नानुसार तालिकाद्वारा विश्लेषण गरिएको छ :

### क) प्र.अ. तथा शिक्षकहरूको धारणा

बालमैत्री कक्षाकोठा व्यवस्थापनमा भएका समस्या समाधानका उपायहरूका सन्दर्भमा प्र.अ. तथा शिक्षकहरूको धारणालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका १८

बालमैत्री कक्षाकोठाका समस्याहरू

| क्र. स. | समस्या समाधानका उपायहरू | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कक्षाकोठा व्यवस्थापन कार्यमा प्र.अ., शिक्षक लगायत विद्यार्थीहरूलाई पनि सरिक गराउने | १५ | १००% |
| २ | सबै शिक्षकहरूलाई तालिम प्रदान गर्ने | १५ | १००% |
| ३ | तालिम प्राप्त शिक्षकहरूले तालिममा सिकेका कुराहरू कक्षामा लागू गर्ने | १५ | १००% |
| ४ | विद्यार्थीहरू मध्ये कै विद्यार्थी प्रतिनिधिहरू छनौट गरी उनीहरूको कक्षाकोठाको मनिटरिङ, नेतृत्व, रेखदेख जस्ता जिम्मेवारीहरू सुम्पिने | १५ | १००% |
| ५ | स्थानीय तहमा सजिलै प्राप्त हुने शैक्षिक सामग्रीहरूको प्रयोगमा जोड दिने | १५ | १००% |
| ६ | बेला बेलामा अभिभावक शिक्षा कार्यक्रम आयोजना गर्ने | १५ | १००% |
| ७ | सबै विद्यालयको कम्तिमा प्रा.वि. तह सम्मलाई बालमैत्री बनाउने | १५ | १००% |
| ८ | बालमैत्री कक्षाकोठाको नियमित अनुगमन, निरीक्षण तथा पृष्ठपोषणको व्यवस्था मिलाउने | १५ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार बालमैत्री कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्याहरू समाधान गर्ने उपायहरूको सबै विकल्पहरूमा सतप्रतिशत उत्तरदाताहरूको सकारात्मक धारणा रहेको देखिन्छ। तथापि उपयुक्त उपायहरू वास्तविक व्यवहारमा ल्याउने पक्षमा भने सबै प्र.अ. तथा शिक्षकहरू पछाडि परेको देखिन्छ। यस विश्लेषण अनुसार प्र.अ. तथा शिक्षणहरू बालमैत्री कक्षाकोठा व्यवस्थापनमा विद्यमान समस्याहरू समाधान गर्ने उपायहरू प्रसस्त बताउन सक्दछन् तर व्यवहारमा लागू गर्न भने नसकिरहेको अवस्था प्रष्ट हुन आउँछ।

## ख) वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूको धारणा

बालमैत्री कक्षाकोठा व्यवस्थापनमा भएका समस्या समाधानका उपायहरूमा सन्दर्भमा वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूको धारणालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १९

समस्या समाधानका उपायहरू

| क्र. स. | समस्या समाधान उपायहरू | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कक्षाकोठा व्यवस्थापन कार्यमा प्र.अ., शिक्षक लगायत विद्यार्थीहरूलाई पनि सरिक गराउने | १४ | ८७.५०% |
| २ | सबै शिक्षकहरूलाई तालिम प्रदान गर्ने | १६ | ७५% |
| ३ | तालिम प्राप्त शिक्षकहरूले तालिममा सिकेको कुराहरू कक्षामा लागू गर्ने | १६ | ७५% |
| ४ | विद्यार्थीहरू मध्ये कै विद्यार्थी प्रतिनिधिहरू छनौट गरी उनीहरूको कक्षाकोठाको मनिटरिङ, नेतृत्व, रेखदेख जस्ता जिम्मेवारीहरू सुम्पिने | १५ | ९३.७५% |
| ५ | स्थानीय तहमा सजिलै प्राप्त हुने शैक्षिक सामग्रीहरूको प्रयोगमा जोड दिने | १६ | १००% |
| ६ | बेला बेलामा अभिभावक शिक्षा कार्यक्रम आयोजना गर्ने | १६ | १००% |
| ७ | सबै विद्यालयको कम्तिमा प्रा.वि. तह सम्मलाई बालमैत्री बनाउने | १६ | १००% |
| ८ | बालमैत्री कक्षाकोठाको नियमित अनुगमन, निरीक्षण तथा पृष्ठपोषणको व्यवस्था मिलाउने | १६ | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार बालमैत्री कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या समाधानका ८ वटा उपायहरूमध्ये क्र.सं. ४ को उपायमा ९३.७५% उत्तरदाताहरू र क्र.सं. १ को उपायमा ८७.५०%

उत्तरदाताहरू सहमत भएको पाइयो भने बाँकी ६ वटा उपायहरूमा सतप्रतिशत उत्तरदाताहरू सहमत भएको पाइयो ।

यस विश्लेषणको आधारमा कक्षाकोठा व्यवस्थापन कार्यमा देखिएका समस्या समाधानका निम्ति व्यवस्थापन कार्यमा विद्यार्थीहरूलाई सरिक गराउने, कक्षाकोठाको मनिटरिङ, रेखदेख जस्ता कार्यको जिम्मेवारी विद्यार्थीलाई नै दिने, सबै शिक्षकहरूलाई तालिम प्रदान गर्ने, तालिम प्राप्त शिक्षकहरूले तालिमबाट सिकेको कुराहरू कक्षामा लागू गर्ने, स्थानीय तहमा सजिलै उपलब्ध हुने शैक्षिक सामग्रीहरूको प्रयोगमा जोड दिने, बेलाबेलामा अभिभावक शिक्षा कार्यक्रमको आयोजना गर्ने, प्रत्येक विद्यालयको कम्तिमा प्रा.वि. तह सम्म बालमैत्री बनाउने तथा बालमैत्री कक्षाको नियमति अनुगमन, निरीक्षण तथा पृष्ठपोषणको व्यवस्था मिलाउने जस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

### ४.२.७ बालमैत्री कक्षाकोठामा विद्यार्थीको बसाइ व्यवस्थापनका सन्दर्भमा सरोकारवालाहरूको धारणा

कक्षाकोठा व्यवस्थापनको एक महत्वपूर्ण पक्ष विद्यार्थीहरूको बसाइ व्यवस्थापन पनि हो । कक्षाकोठामा विद्यार्थीहरूको बसाइ व्यवस्थापन कसरी गर्दा उपयुक्त हुन्छ भन्ने सन्दर्भमा नमुना विद्यालयका प्र.अ., शिक्षकहरू, वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूलाई प्रश्न सोधिएको थियो । उक्त प्रश्नका आधारमा प्राप्त उत्तरहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

#### क) प्र.अ. तथा शिक्षकहरूको धारणा

बालमैत्री कक्षाकोठामा विद्यार्थीको बसाइ व्यवस्थापनका सन्दर्भमा प्र.अ. तथा शिक्षकहरूको धारणलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २०

विद्यार्थीको बसाइ व्यवस्थापन

| क. स. | बसाइ व्यवस्थापनको तरिका | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | गोलो घेरामा बसाउने | १२ | ८०% |
| २. | लहरमा मिलाएर बसाउने | १२ | ८०% |
| ३. | साना साना समूहमा विभाजन गरेर बसाउने | १५ | १००% |
| ४. | छात्रा र छात्रलाई अलग अलग बसाउने | ३ | २०% |
| ५. | उचाइ अनुसारको होचा र अग्लालाई छुट्टाछुट्टै बसाउने | १५ | १००% |
| ६. | बौद्धिक क्षमताको आधारमा जान्ने र नजान्नेलाई छुट्टाछुट्टै समूहमा बसाउने | ३ | २०% |
| ७. | सबैलाई एकै ठाउँमा बसाउने | ६ | ४०% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार विद्यार्थीलाई साना साना समूहमा विभाजन गरेर बसाउने र उचाइ अनुसार मिलाएर बसाउने बसाइ व्यवस्थापनको तरिकामा सतप्रतिशत उत्तरदाताहरू सहमत भएको पाइयो भने लहरमा मिलाएर राख्ने र गोलो घेरामा बसाउने तरिकामा ८०% उत्तरदाताहरू सहमत भएको पाइयो । त्यसैगरी सबैलाई एकै ठाउँमा बसाउनेमा ४०% उत्तरदाताहरू सहमत भएको पाइयो भने छात्रा र छात्रलाई अलग अलग बसाउने र बोद्धिक क्षमताको आधारमा जान्ने र नजान्नेलाई अलग अलग बसाउनेमा २०% उत्तरदाताहरू सहमत भएको पाइयो ।

यस विश्लेषण अनुसार बालमैत्री कक्षाकोठामा विद्यार्थीको बसाइ व्यवस्थापन गर्दा विद्यार्थीहरूलाई साना साना समूहमा विभाजन गर्ने, उचाइ अनुसार अग्ला र होचालाई मिलाएर बसाउने जस्ता तरिकाहरू सबभन्दा बढी उपयुक्त मानिन्छ । तथापि अन्य तरिकाहरूमा पनि उत्तरदाताहरूको सहमति रहनुले अन्य बसाइ व्यवस्थापनका विधिहरू पनि कम महत्वपूर्ण छैनन् भन्ने पुष्टि गर्दछ । बालमैत्री कक्षाकोठामा पाठको विषयवस्तु तथा कक्षा क्रियाकलापहरू अनुसार विभिन्न तरिकाबाट विद्यार्थीहरूको बसाइ व्यवस्थापन गर्नु उपयुक्त हुन्छ ।

ख) वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूको धारणा

बालमैत्री कक्षाकोठामा विद्यार्थीको बसाइ व्यवस्थापनका सन्दर्भमा वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति तथा अभिभावकहरूको धारणालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २१

समस्या समाधानका उपायहरू

| क. स. | बसाइ व्यवस्थापनको तरिका | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गोलोघेरामा बसाउने | १२ | ७५% |
| २ | लहरमा मिलाएर बसाउने | १२ | ७५% |
| ३ | साना साना समूहमा विभाजन गरेर बसाउने | १६ | १००% |
| ४ | छात्रा र छात्रलाई अलग अलग बसाउने | ४ | २५% |
| ५ | उचाइ अनुसार होचा र अग्लालाई मिलाएर बसाउने | १६ | १००% |
| ६ | बौद्धिक क्षमताको आधारमा जान्ने र नजान्नेलाई छुट्टछुट्टै बसाउने | – | – |
| ७ | सबैलाई एकै समूहमा बसाउने | १० | ६२.५०% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार विद्यार्थीलाई साना साना समूहमा विभाजन गरेर बसाउने र उचाइ अनुसार मिलाएर बसाउने जस्ता बसाइ व्यवस्थापनको तरिकामा सतप्रतिशत उत्तरदाताहरू सहमत भएको पाइयो भने लहरमा मिलाएर राख्ने र गोलो घेरामा बसाउने तरिकामा ८०% उत्तरदाताहरू सहमत भएको पाइयो । त्यसैगरी सबैलाई एकै समूहमा बसाउनेमा ६२.५०% र छात्रा र छात्रलाई अलग अलग बसाउनेमा २५% उत्तरदाताहरूको सहमति भएको पाइयो भने जान्ने र नजान्नेलाई छुट्टाछुट्टै समूहमा बसाउनेमा कोही पनि उत्तरदाता सहमत भएको पाइएन ।

यस विश्लेषणबाट बालमैत्री कक्षाकोठामा साना साना समूहमा विभाजन गरेर बसाउने, उचाइ अनुसार अग्ला र होचालाई मिलाएर बसाउने, गोलो घेरामा बसाउने, लहरमा मिलाएर बसाउने तथा

सबैलाई एकै समूहमा बसाउने जस्ता बसाइ व्यवस्थापनका तालिकाहरू उपयुक्त हुने निष्कर्ष निकाल्न सकिन्छ ।

## ४.३ बालमैत्री कक्षाकोठा व्यवस्थापनबाट विद्यार्थीहरूले प्राप्त गरेका अनुभवहरू

बालमैत्री कक्षाकोठा व्यवस्थापनबाट विद्यार्थीहरूले प्राप्त गरेका अनुभवहरू निम्नअनुसार विश्लेषण गरिएको छ :

### ४.३.१ कक्षाकोठामा पाएको वातावरण सम्बन्धी विद्यार्थीहरूले प्राप्त गरेको अनुभवहरू

नमुना छनौटमा परेका विद्यालयहरूमा सञ्चालन भइरहेका बालमैत्री कक्षाकोठाहरूमा विद्यार्थीहरूले कस्तो वातावरण पाइरहेका छन् ? भन्ने विषय अन्तर्गत प्रत्येक विद्यालयको बालमैत्री कक्षामा अध्ययन २/२ जना विद्यार्थीहरूमा गरिएको सर्वेषण अनुसार प्राप्त नतिजालाई निम्नानुसार तालिका द्वारा विश्लेषण गरिएको छ :

तालिका नं. २२

विद्यार्थीले कक्षाकोठामा पाएको वातावरण

| क्र. स. | विद्यार्थीले कक्षाकोठामा पाएको वातावरण | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | घरायसी | ६ | ६०% |
| २ | मायालु | १० | १००% |
| ३ | सहयोगी | १० | १००% |
| ४ | रमाइलो | ८ | ८०% |
| ५ | दिक्क लाग्दो | २ | २०% |
| ६ | कुटपिट गर्ने | १ | १०% |
| ७ | सुरक्षित | १० | १००% |
| | जम्मा | १० जना | |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार कक्षाकोठामा मायालु, सहयोगी, सुरक्षित वातावरण पाएको भन्ने अनुभवमा १००% उत्तरदाताहरू सहमत भएको पाइयो भने रमाइलो वातावरण पाएको भन्ने अनुभवमा ८०% उत्तरदाताहरू सहमत भएको पाइयो । त्यसै गरी कक्षाकोठामा घरायसी वातावरण पाएकोमा ६०% दिक्कलाग्दो वातावरण पाएकोमा २०% र कुटपिट गर्ने वातावरण पाएकोमा १०% उत्तरदाताहरू सहमत रहेको देखियो । वास्तवमा विद्यार्थीहरूको घरको रूपमा नै कक्षाकोठालाई

स्थापित गर्न नसके तापनि आजको बालमैत्री कक्षाकोठामा विद्यार्थीहरूले मायालु, सहयोगी, रमाइलो र सुरक्षित वातावरण भने पाएका छन् उनीहरूले कक्षाकोठामा दिक्कलाग्दो, कुटपिट गर्ने वातावरण भने कमै पाएका छन् भन्ने निष्कर्ष माथिको विश्लेषणका आधारमा निकाल्न सकिन्छ ।

### ४.३.२ बालमैत्री कक्षाकोठामा सञ्चालन गरिने कक्षा क्रियाकलापका सन्दर्भमा विद्यार्थीहरूले प्राप्त गरेका अनुभव

कक्षा क्रियाकलापहरू खासगरी खासगरी विद्यार्थीहरू कै लागि हुन् । स्वयम् विद्यार्थीहरूको अनुभव यस सम्बन्धमा के छ भनेर नमुना विद्यालयका विद्यार्थीहरूमा अवलोकन गरिएको थियो । यसका आधारमा प्राप्त भएको विद्यार्थीहरूको अनुभव तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २३

कक्षा क्रियाकलाप

| क. स. | कक्षा क्रियाकलापहरू | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | खेलहरू खेल्ने | १० | १००% |
| २ | बालगीत गाउने | १० | १००% |
| ३ | कथा, कविता भन्ने | ८ | ८०% |
| ४ | पज्जलहरू मिलाउने | १० | १००% |
| ५ | अभिनय नाटकीकरण गर्ने | १० | १००% |
| ६ | नृत्य गर्ने | ९ | ९०% |
| ७ | चित्र बनाउने | १० | १००% |
| ८ | परियोजना कार्य गर्ने | ६ | ६०% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार खेलहरू खेल्ने, बालगीत गाउने, पज्जलहरू मिलाउने, अभिनय नाटकीकरण गर्ने, चित्रहरू बनाउने जस्ता कक्षा क्रियाकलापहरूमा सतप्रतिशत सहभागी विद्यार्थीहरूले राम्रो अनुभव गरेको पाइयो भने नृत्य गर्नेमा ९०% विद्यार्थीहरू, कथा, कविता भन्ने ८०% र परियोजना कार्य गर्नेमा ६०% विद्यार्थीहरूले सहज अनुभव गरेको पाइयो ।

यस विश्लेषणबाट बालमैत्री कक्षाका विद्यार्थीहरू खेल खेल्ने, बालगीत गाउने, पज्जलहरू मिलाउने, अभिनय नाटकीकरण गर्ने, चित्रहरू बनाउने, नृत्य गर्ने, कथा कविता भन्ने जस्ता कक्षा क्रियाकलापहरूमा बढी मात्रामा रुची देखाउने र परियोजना कार्यमा तुलनात्मक रूपले कम विद्यार्थीहरूले रूचि देखाउने गर्दछन् भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

### ४.३.३ बालमैत्री कक्षाकोठामा विद्यार्थीको बसाइ व्यवस्थापनका सन्दर्भमा विद्यार्थीहरूले प्राप्त गरेको अनुभव

कक्षाकोठामा विद्यार्थीको बसाइ व्यवस्थापन कसरी गरेको उपयुक्त हुन्छ भन्ने सम्बन्धमा नमुना छनौटमा परेका विद्यालयका सहभागी विद्यार्थीहरूमा अवलोकन गरिएको थियो । उक्त अवलोकनका आधारमा प्राप्त नतिजाहरूलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

तालिका २४

विद्यार्थीको बसाइ व्यवस्थापन

| क. स. | बसाइ व्यवस्थापनको तरिका | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गोला घेरामा बस्ने | ८ | ८०% |
| २ | लहरमा मिलेर बस्ने | ६ | ६०% |
| ३ | साना साना समूहमा विभाजित भएर बस्ने | १० | १००% |
| ४ | छात्रा र छात्र अलग अलग बस्ने | ५ | ५०% |
| ५ | होचा अगाडि र अग्ला पछाडि बस्ने | १० | १००% |
| ६ | जान्ने र नजाने छुट्टाछुट्टै समूहमा बस्ने | २ | २०% |
| ७ | सबैजना एकै ठाउँ बस्ने | ४ | ४०% |
|  | जम्मा | १० जना |  |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार कक्षाकोठामा साना साना समूहमा विभाजित भएर बस्ने, होचा अगाडि र अग्ला पछाडि बस्ने जस्ता बसाइ व्यवस्थापनका विकल्पहरूमा १००% विद्यार्थीहरूले सहज अनुभव

गरेको पाइयो भने गोलो घेरामा बस्ने भन्ने विकल्पमा ८०% विद्यार्थीहरूले सहज अनुभव गरेको पाइयो । त्यसैगरी लहरमा मिलेर बस्ने भन्ने विकल्प ६०% विद्यार्थीहरूले मन पराएको पाइयो भने छात्रा र छात्र अलग अलग बस्ने भन्ने विकल्पमा ५०% सबै एकै ठाउँमा बस्ने भन्ने विकल्पमा ४०% र जान्ने र नजान्ने छुट्टाछुट्टै समूहमा बस्ने भन्ने विकल्पमा २०% विद्यार्थीहरूले सहज अनुभव गरेको पाइयो । यस विश्लेषणबाट बालमैत्री कक्षाकोठामा विद्यार्थीहरूलाइ साना साना समूहमा विभाजन गरी बनाउने, उचाइको आधारमा अग्लाहरुलाई पछाडि र होचाहरूलाई अगाडि मिलाएर राख्ने, गोलो घेरामा बसाउने, लहरमा मिलाएर बसाउने जस्ता बसाइ व्यवस्थापनका तरिकाहरू अपनाउनु उपयुक्त हुन्छ भन्ने निष्कर्षमा पुग्न सकिन्छ ।

## ४.३.४ बालमैत्री कक्षाकोठाका समस्याहरूका सन्दर्भमा विद्यार्थीहरूले प्राप्त गरेको अनुभव

बालमैत्री कक्षाकोठामा अध्ययन गरिरहेका विद्यार्थीहरूले केस्ता समस्याहरू भाग्नु परेको छ भन्ने सम्बन्धमा नमुना विद्यालयका सहभागी विद्यार्थीहरूमा अवलोकन गरिएको थियो । अवलोकनको आधारमा प्राप्त नतिजालाई निम्नानुसार तालिका द्वारा विश्लेषण गरिएको छ :

तालिका २५

बालमैत्री कक्षाकोठाका समस्या

| क. स. | बालमैत्री कक्षाकोठाका समस्याहरू | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कक्षामा बसाइ अप्ठ्यारो छ | - | - |
| २ | शैक्षिक सामग्री थोरै छन् | १० | १००% |
| ३ | शिक्षकले ध्यान दिएर पढाउनु हुन्न | २ | २०% |
| ४ | शिक्षकले पढाएको बुझिदैन | १ | १०% |
| ५ | शिक्षकले सबैलाई समान व्यवहार गर्नुहुन्न | २ | २०% |
| ६ | कालो/सेतो पाटी नभेटिने ठाउँमा छ | ८ | ८०% |
| ७ | गल्ती गर्दा शिक्षकले पिट्नुहुन्छ | २ | २०% |
|  | जम्मा | १० जना |  |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार कक्षाकोठामा शैक्षिक सामग्री थोरै भएको अनुभव गर्ने विद्यार्थीहरू १००% छन् भने कालो/सेतो पाटी नभेटिने ठाउँमा भएको समस्या अनुभव गर्ने ८०% बालबालिकाहरू छन् । यस्तै शिक्षकले ध्यान दिएर पढाउनु हुन्न, शिक्षकले सबैलाई समान व्यवहार गर्नुहुन्न, गल्ती गर्दा शिक्षकले पिट्नु हुन्छ भन्ने जस्ता समस्याहरू अनुभव २०% बालबालिकाहरूले गर्ने गरेको पाइयो भने शिक्षकले पढाएको बुझ्दिन भन्ने समस्या अनुभव गर्ने विद्यार्थीहरू १०% छन् । यस विश्लेषणबाट बालमैत्री कक्षाकोठामा भौतिक पक्षको व्यवस्थापनमा नै सबैभन्दा बढी समस्या विद्यमान छ भन्ने निष्कर्ष निकाल्न सकिन्छ ।

# परिच्छेद पाँच :

# निष्कर्ष तथा सुझाबहरू

## ५.१ निष्कर्ष

कक्षाकोठाको भौतिक अवस्था बालबालिकाहरूको उमेर, तह, रूचि, आवश्यकता सँग मेल खाने खालको हुनुपर्दछ भन्ने मान्यता बालमैत्री कक्षाकोठाको अवधारणाले राख्दछ । कक्षाकोठाको भौतिक वातावरण विद्यार्थीहरूले मन पराउने, शान्त र सुरक्षित हुनु पर्दछ । वर्तमान समयमा विद्यार्थीहरूको घरको रूपमा नै विद्यालय स्थापित हुन नसके तापनि बालमैत्री विद्यालयमा सञ्चालित बालमैत्री कक्षाकोठाहरूमा विद्यार्थीहरूले मायालु, सहयोगी, रमाइलो वातावरण भने प्राप्त गरेका छन् । प्रत्येक बालमैत्री कक्षाकोठाहरूमा डेस्कबेन्च हटाएर कार्पेट र चकटी विछ्याउने सकारात्मक कार्यको थालनी भएको छ । जसले गर्दा विद्यार्थीहरूलाई सजिलो गरी बस्ने, खेल्ने, कक्षा क्रियाकलापहरूमा सहभागी हुने जस्ता कार्यहरूमा सहयोग पुग्दछ । तथापि हाल भइरहेका बालमैत्री कक्षाकोठा भौतिक व्यवस्थापन कार्यहरू पर्याप्त र सन्तोषजनक अवस्थाका भने छैनन् ।

बालमैत्री कक्षाकोठा पर्याप्त प्रकाश र हावा प्रवेश गर्ने, सफा सुग्घर हुनुका साथसाथै कक्षाकोठामा प्रयोग गरिएका फर्निचरहरू पनि बालमैत्री हुनु पर्दछ भन्ने कुरालाई आत्मसाथ गर्दै नमुना विद्यालयका कक्षाकोठाहरूलाई बालमैत्रीपूर्ण बनाउने प्रयास गरिएको छ । कक्षाकोठामा बालमैत्री फर्निचरको व्यवस्था, कार्पेट, चकटीको व्यवस्था, उपयुक्त झ्याल, ढोकाको व्यवस्था, कालो/सेतो पाटीको व्यवस्था, शैक्षिक सामग्रीहरूको सजावट, शैक्षिक सामग्री राख्ने बाकस वा दराजको व्यवस्था इत्यादी कार्यहरू गरी बालमैत्री कक्षाकोठाको भौतिक अवस्थालाई सकेसम्म बालमैत्री बनाउन खोजिएको छ ।

बालमैत्री कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापहरू बालबालिकाका रुचि, चाहाना, आवश्यकता, तह तथा उमेर अनुकूल हुनुपर्दछ । कक्षाकोठामा समेसम्म बालबालिकाले बुझ्ने खालको सरल शिक्षण विधि अपनाउनु पर्दछ, जुन बालकेन्द्रित होस् । शिक्षकले पढाएको विषयवस्तु विद्यार्थीहरूले नबुझ्दा गाली गर्ने, पिट्ने जस्ता शारीरिक एवम् मानसिक दण्ड, सजाय दिनुको सट्टा उनीहरूलाई साथीको जस्तो व्यवहार गर्दै, हसाउदै, खुसी पार्दै रमाइलो तरिकाले शिक्षण गर्नुपर्दछ भन्ने मान्यतामा बालमैत्री अवधारणाले जोड दिएको छ । यस कुरामा समर्थन गर्दै बालमैत्री

कक्षाकोठा तथा विद्यालयका सम्पूर्ण पक्षहरूसँग सरोकार राख्ने प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष, स्रोतव्यक्ति, अभिभावक जस्ता सरोकारबालाहरूले पनि सकारात्मक धारणा व्यक्त गरेका छन् ।

बालमैत्री कक्षाहरूमा बालबालिकाहरूलाई शिक्षण सिकाई क्रियाकलापमा सहभागी गराउने क्रममा विभिन्न आसन वा तरिकामा बसाउनु पर्ने भएकाले आवश्यकता अनुसार गोलो घेरामा बसाउने, लहरमा बसाउने, साना साना समूहमा बसाउने, जस्ता आसनमा बस्ने व्यवस्था मिलाउनु पर्दछ । यस सन्दर्भमा बालमैत्री कक्षाकोठा व्यवस्थापन सँग सरोकार राख्ने सरोकारबाला व्यक्ति, सङ्घ संस्थाहरूले पनि सकारात्मक धारणा व्यक्त गरेका छन् । यस्ता विभिन्न विद्यार्थीका बसाइ व्यवस्थापनका तरिकाहरू बालमैत्री कक्षाहरूमा प्रयोगमा ल्याइनु एक सबल र सकारात्मक अभ्यास हो ।

## ५.२ सुझावहरू

यस अध्ययनका प्राप्ति तथा निष्कर्षका आधारमा तहगत रूपमा केही सुझावहरू दिइएका छन् । बालमैत्री विद्यालयहरूमा बालमैत्री कक्षाकोठा व्यवस्थापनका लागि यी सुझावहरू महत्वपूर्ण छन् ।

### (क) नीतिगत तहका लागि

क) शैक्षिक नीति निर्माणका क्रममा बालमैत्री विद्यालयको अवधारणा अनुसार रमाइलो र दण्डरहित कक्षाकोठाको वातावरण सिर्जनालाई प्राथमिकता दिइनु पर्दछ ।

ख) प्रत्येक विद्यालयको कम्तिमा प्राथमिक तहका कक्षाहरूलाई बालमैत्री कक्षा बनाउने कुरा विभागले राष्ट्रिय शैक्षिक योजनामा समावेश गरी कार्यान्वयन गराउनु आवश्यक छ ।

ग) बालमैत्री कक्षाहरूमा शान्ति शिक्षा र दण्डरहित वातावरणको स्थापना गर्न राष्ट्रिय अभियान कै रूपमा कार्यक्रम अगाडि सार्नु जरुरी छ ।

घ) शिक्षक तालिम सम्बन्धि विषयवस्तुमा बालमैत्री अवधारणालाई अनिवार्य रूपमा समावेश गर्नु पर्दछ ।

ङ) शिक्षा सङ्कायका उच्च शिक्षाका विषयहरूमा बालमैत्री विद्यालय अवधारणालाई पाठ्यक्रममा नै समावेश गरी पठनपाठन गर्दै लैजानु आवश्यक छ ।

च) राष्ट्रिय रूपमा नै एक सञ्चार अभियान समूहको व्यवस्था गरी बालमैत्री विद्यालय एवम् बालमैत्री कक्षाकोठाको अवधारणा बारे व्यापक प्रचारप्रसार गरी शिक्षा सँग सरोकार राख्ने सरोकारबालाहरूलाई सचेत गराउनु जरुरी देखिन्छ ।

छ) अनुगमन तथा मूल्याङ्कन कार्यलाई व्यवस्थित गरी नियमित पृष्ठपोषणको व्यवस्था हुनुपर्दछ ।

ज) अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरूसँग पनि सहकार्य र समन्वय गर्दै बालमैत्री विद्यालय र बालमैत्री कक्षााकोठा व्यवस्थापनका क्षेत्रमा आवश्यक पहल गर्नु आवश्यक देखिन्छ ।

(ख) कार्यान्वयन तहका लागि

क) जि.शि.का. ले जिल्ला शिक्षा योजनामा बालमैत्री अवधारणा अनुसार कक्षाकोठा व्यवस्थापनमा जोड दिनु आवश्यक देखिन्छ ।

ख) विद्यालय सुधार योजना अनुसारको अनुदान विद्यालयमा निकासा गर्दा कक्षाकोठाको बालमैत्री भौतिक व्यवस्थापन एवम् बालमैत्री सिकाइ वातावरण निर्माणमा खर्च गर्न उत्प्रेरित गर्नुपर्ने देखिन्छ ।

ग) अनुदान निकासा भए बमोजिम बालमैत्री विद्यालयहरूमा कक्षाकोठाको व्यवस्थापनमा खर्च गरिए नगरिएको अवलोकन, अनुगमन तथा निरीक्षण कार्य जिल्ला तहबाट हुनु आवश्यक छ ।

घ) बालमैत्री विद्यालयको दीगो विकासका लागि गा.वि.स., न.पा. तथा जि.वि.स. सँग समन्वयात्मक रूपमा कार्य गर्नु आवश्यक र उपयुक्त हुन्छ ।

ङ) बालमैत्री अवधारणा अनुसारका विद्यालय वातावरण, कक्षाकोठाको आकार, उपयुक्त फर्निचर आदीको व्यवस्थापनमा विद्यालय प्रशासनले महत्वपूर्ण भूमिका खेल्नुपर्ने देखिन्छ ।

च) अधिकांश विद्यालयहरूमा  एउटा कक्षाकोठामा एउटै मात्र कालोपाटी/सेतोपाटी राखिएको पाइयो तर बालमैत्री अवधारणा अनुसार कक्षाकोठाको चारैतिर केटाकेटीले भेट्ने स्थानमा कालो/सेतो पाटीहरू राखिनु पर्दछ, जहाँ बालबालिकाहरूले जानेका, मनमा लागेका कुराहरू लेख्न सकुन् ।

छ) शिक्षकहरूले कक्षाकोठामा बालमैत्री अवधारणा अनुरूपको शिक्षण –सिकाई क्रियाकलाप अपनाएका छन्/छैनन् भनी अनुगमन तथा निरीक्षण गर्ने काम विद्यालय तहबाट पनि नियमित रूपमा गरिनु आवश्यक छ ।

ज) कक्षाकोठाको व्यवस्थापन तथा विद्यार्थीको शैक्षिक उपलब्धि आदीका विषयमा समयसमयमा शिक्षक अभिभावक अन्तरक्रिया कार्यक्रम विद्यालयले आयोजना गरिनु आवश्यक छ ।

झ) माली जति सिपालु भयो उति नै बगैँचाको वातावरण सौहार्दपूर्ण भए जस्तै कक्षाकोठाको वातावरण शान्त, सुन्दर तथा सिकाइ अनुकूल बनाउन शिक्षकमा ज्ञान, सीप, दक्षताका साथै कार्यप्रति आत्मजागरुकता पनि हुनु जरुरी हुन्छ ।

ञ) शिक्षकले तालिम तथा अन्य कार्यशाला, गोष्ठी, सेमिनार आदीमा सिकेका कुराहरू कक्षाकोठामा प्रयोगमा ल्याउने प्रयास गर्नुपर्दछ ।

ट) दण्ड, सजाय दिने परम्परागत सोचमा परिवर्तन गरी धन्यवाद, स्यावास जस्ता मनोवैज्ञानिक पुरस्कार दिने परिपाटीको विकास गराउनु आवश्यक छ ।

ठ) कक्षाकोठामा भय, त्रासपूर्ण वातावरणको अन्त्य गर्दै शान्त, मायालु र रमाइलो वातावरण सिर्जना गर्न शिक्षकले महत्वपूर्ण भूमिका निर्वाह गर्नुपर्दछ ।

ड) बालमैत्री कक्षाकोठा व्यवस्थापन कार्यमा अभिभावकहरूले पनि आफ्नो भूमिका तथा जिम्मेवारी पहिचान गरी सोही अनुरूपको व्यवहार गर्नु आवश्यक देखिन्छ ।

ढ) अभिभावकहरूले आफ्नो नानीको पढाइ बुझ्न नियमित रूपमा विद्यालयको सम्पर्कमा रहनु आवश्यक छ ।

ण) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ जस्ता सङगठनहरूमा सदस्यता लिई विद्यालय स्तरको निर्णय प्रक्रियामा सहभागी हुनुपर्दछ ।

## (ग) अनुसन्धान तहका लागि

क) बालमैत्री कक्षाकोठा व्यवस्थापनको विषयमा व्यापक अध्ययन अनुसन्धान हुन सकेको छैन, तसर्थ अनुसनधानकर्ताहरूले यो नयाँ विषय क्षेत्रमा पनि अध्ययन अनुसनधान कार्य गर्नु आवश्यक छ ।

ख) बालमैत्री बनाइएका विद्यालयहरू कुन हदसम्म सफल भइरहेका छन् या छैनन् भन्ने विषयमा अझ गहन अनुसन्धान हुनु आवश्यक छ ।

ग) बालमैत्री कक्षाकोठाहरूमा विद्यमान समस्याहरूको सकुक्ष्म रूपमा अध्ययन अनुसन्धान गरी ती समस्याहरू समाधानका लागि उपायहरूको खोजी हुनु आवश्यक छ ।

# सन्दर्भसूची


कट्टेल, निरन्जन (२०६६), **शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार**, कीर्तिपुर, काठमाण्डौं : ज्ञानकुञ्ज प्रकाशन ।

कुशियैत, विनयकुमार (२०६६), **विद्याथीहरू किन बीचैमा छोड्छन् पढ्न** ? शिक्षक मासिक ।

के.सी., मेघबहादुर र अन्य (२०६८), **शिक्षक अध्यापन अनुमति पत्र परीक्षा दिग्दर्शन (नि.मा. तह)** डिल्लीबजार, काठमाण्डौं : मकालु प्रकाशन गृह ।

कोइराला, विद्यानाथ र चन्द्रबहादुर श्रेष्ठ (२०६६), **शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार**, काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

कैयूम, अब्दुल (२०६८), **सामाजिक अध्ययन शिक्षण**, काठमाण्डौं : प्रशान्ति प्रकाशन ।

गुरागाई, सरस्वती (२०६८), **विद्यालय निरीक्षक दिग्दर्शन**, काठमाण्डौं : पैरवी प्रकाशन ।

निरौला, डिल्ली (२०६४) **शैक्षिक योजना तथा व्यवस्थापन विषयको व्यवहारिक ज्ञान** (अप्रकाशित एम.एड.प्राक्टिकम प्रतिवेदन), त्रिभुवन विश्वविद्यालय, सुकुनाबहुमुखी क्याम्पस मोरङ ।

निरौला, भूपाल (२०६७), **समुदाय द्वारा व्यवस्थित र सामुदायिक प्राथमिक विद्यालयहरूको भौतिक अवस्थाको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, सुकुना बहुमुखी क्याम्पस मोरङ ।

पोखेल, मोहनमणि (२०६८), **पूर्वबाल्यावस्था विकासको आधार**, काठमाण्डौं : आशिस बुक्स हाउस प्रा.लि. ।

भण्डारी, मुकुन्दप्रसाद (२०६४), **पूर्व बाल्यावस्था विकास,** काठमाण्डौं : ज्ञानकुञ्ज प्रकाशन ।

लामा, गंगा र उमा श्रेष्ठ (२०६१), **केटाकेटीको समस्यालाई कसरी बुझ्ने ?** (अनुसन्धानात्मक लेख), काठमाण्डौं : नेसनल इन्स्टिच्युट अफ साइकोलोजी ।

शर्मा, सुरेशराज (२०५८), **कक्षाकोठामा व्यवहारिक शिक्षा**, कान्तिपुर दैनिक ।

शिक्षा विभाग (२०६२), **बालमैत्री विद्यालय शिक्षक प्रशिक्षण पुस्तिका**, सानोठिमी, भक्तपुर ।

शिक्षा मन्त्रालय (२०६६), **विद्यालय क्षेत्र सुधार योजना** (२०६६–२०७२), काठमाण्डौं : शिक्षा मन्त्रालय ।

श्रेष्ठ, चन्द्रबहादुर र बस्न्यात, सम्झना (२०६५), **शैक्षणिक पद्धति**, काठमाण्डौ : भुँडीपुराण प्रकाशन ।

## अनुसूची एक :

## नमुना छनौटमा परेका प्र.अ., शिक्षक, वि.व्य.स.अध्यक्ष, विद्यार्थी, अभिभावक, स्रोतव्यक्तिहरूको विवरण

| विद्यालयहरू<br>विवरण | श्री शारदा<br>उ.मा.वि खराङ्ग | श्री शारदा<br>मा.वि<br>त्रिशुले | श्री हिमगंगा<br>नि.मा.वि.<br>चापाभौं | श्री धर्मदेवी<br>नि.मा.वि.<br>कल्लेरी | श्री<br>बालकल्याण<br>प्रा.वि. किङ्गरिङ्ग |
|---|---|---|---|---|---|
| प्रधानाध्यापक | चहकबहादुर<br>भण्डारी | मोहन श्रेष्ठ | इन्द्रकुमार<br>कोम्फे | भूपेन्द्र गौतम | यज्ञबहादुर<br>राउत |
| शिक्षक | हरिबहादुर<br>भण्डारी<br>शुभनाथ काफ्ले<br>शुशिला गौतम | सरला<br>खड्का<br>पम्फा<br>भण्डारी | धुबकुमार<br>कार्की<br>इश्वरी जिमी | कल्पना पाण्डे<br>श्याम कुमार<br>तामाङ्ग | कुलप्रसाद<br>जिमी |
| वि.व्य.स.<br>अध्यक्ष | ललितबहादुर<br>कटुवाल | लाखमान<br>तामाङ्ग | डम्बरबहादुर<br>अधिकारी | डिकबहादुर<br>कटुवाल | जितकुमार<br>जिमी |
| अभिभावकहरू | टंकबहादुर<br>खड्का | कृष्ण कडेल | कर्ण राई<br>कमल<br>अधिकारी | डम्बरु कटुवाल<br>रामबहादुर<br>तामाङ्ग | दुर्गा जिमी<br>बद्री राउत |
| विद्यार्थीहरू | रोसन राई<br>सविता भण्डारी | अस्मिता<br>भण्डारी<br>निसन<br>तामाङ्ग | विक्रम राई<br>विवस<br>अधिकारी | मन्जीत वि.क.<br>निमेस राई | भविन जिमी<br>रमिता कटुवाल |
| स्रोत व्यक्ति | भवानी प्रसाद भट्टराई | | | | |

# अनुसूची दुई :

## प्र.अ. सँग सोधिने प्रश्नावली

१) तपाईले यस विद्यालयमा प्र.अ.को जिम्मेवारी सम्हाल्न थाल्नुभएको कति समय भयो ?

..........................................................................................................

२) तपाईले यस विद्यालयमा सेवा प्रवेश गर्दाको समयमा विद्यालय तथा कक्षाकोठा व्यवस्थापनको अवस्था कस्तो थियो ।

..........................................................................................................

३) यस विद्यालयमा बालमैत्री अवधारणा कहिलेबाट लागू गरियो ?

..........................................................................................................

४) बालमैत्री कक्षाकोठा व्यवस्थापनका लागि तपाई एक प्रशासकको हैसियतले के कस्ता प्रयासहरू गरिरहनु भएको छ ।

..........................................................................................................

५) कक्षाकोठा व्यवस्थापन र विद्यार्थीको सिकाइ बीच कस्तो सम्बन्ध रहेको हुन्छ ?

..........................................................................................................

६) तपाईको विद्यालयमा कार्यरत शिक्षकहरूलाई बालमैत्री कक्षाकोठा व्यवस्थापनको बारेमा जानकारी गराउन के कस्ता तालिम तथा अवसरहरू प्रदान गरिरहनु भएको छ ।

..........................................................................................................

७) तपाईको विद्यालयमा बालमैत्री कक्षाकोठा व्यवस्थापनको सम्बन्धमा के कस्ता समस्याहरू विद्यमान छन् ?

..........................................................................................................

८) बालमैत्री कक्षाकोठा व्यवस्थापनको सम्बन्धमा देखिएका समस्याहरू समाधान गर्न के कस्ता उपायहरू अवलम्बन गरिरहनु भएको छ ।

..........................................................................................................

९) अन्य केही भए .....

..........................................................................................................

# अनुसूची तीन :

## शिक्षकहरू सँग सोधिने प्रश्नावली

नाम : पद :

विद्यालय : ठेगाना :

दइएको प्रश्नहरू पढी उपयुक्त विकल्पको अगाडि ठिक (✓) चिन्ह लगाउनु होस् ।

१) तपाईले शिक्षण गर्दा शिक्षक निर्देशिका र दैनिक पाठयोजनाका प्रयोग गरिरहनु भएको छ या छैन ?

(क) छ (ख) छैन

२) शिक्षण–सिकाइ क्रियाकलापमा कुन विधि अपनाउनु हुन्छ ?

(क) व्याख्यान (ख) छलफल (ग) दुबै

३) शैक्षिक सामग्रीहरूको प्रयोग कतिको गर्नुहुन्छ ?

(क) नियमित (ख) कहिलेकाहीँ (ग) प्रयोग गरेको छैन

४) शैक्षिक सामग्रीहरू कसरी सङ्कलन गर्नुहुन्छ ?

(क) आफैले निर्माण गरेर (ख) विद्यार्थीलाई निर्माण गर्न लगाएर (ग) दुबै मिलेर

५) शैक्षिक सामग्रीहरू भण्डारण गर्ने (राख्ने) गर्नुहुन्छ ?

(क) कक्षाकोठामा जहाँ पायो त्यहाँ (ख) कार्यालयमा (ग) कक्षाकोठाकै दराजमा

६) तपाईलाई बालमैत्री कक्षाकोठा व्यवस्थापनको विषयमा कतिको थाहा छ ?

(क) राम्ररी थाहा छ (ख) अलि अलि थाहा छ (ग) थाहा छैन

७) कक्षामा बालबालिकाहरूलाई अनुशासनको दायरामा ल्याउन के गर्नु हुन्छ ?

(क) दण्ड सजाय दिने (ख) सम्झाइ बुझाइ गर्ने (ग) कक्षा कार्यमा व्यस्त राख्ने

८) कक्षाकोठामा विद्यार्थीहरूको बसाइलाई कसरी व्यवस्थित गर्नुभएको छ ?

(क) लिङ्गको आधारमा छात्र र छात्रालाई अलग अलग राख्ने

(ख) उचाइको आधारमा होचालाइ अगाडि र अग्लालाई पछाडि राख्ने

(ग) विद्यार्थीहरूकै इन्छा अनुसार बस्न दिने

९) कक्षाकोठामा अतिरिक्त क्रियाकलापहरू कसरी सञ्चालन गर्नुहुन्छ ?

(क) हप्ताको १ पटक (ख) हप्ताको २ पटक (ग) महिनाको १ पटक

१०) अतिरिक्त क्रियाकलापमा कति विद्यार्थीहरूलाई सहभागी गराउनु हुन्छ ?

(क) इच्छुकहरूलाई (ख) कक्षाका सबै विद्यार्थीलाई

(ग) कक्षाका आधा विद्यार्थीहरूलाई

११) विद्यार्थीहरूसँग कस्तो व्यवहार गर्नुहुन्छ ?

(क) कडा स्वभाव प्रर्दशन गर्ने (ख) आदेश र निर्देशन मात्र दिने

(ग) सहजकर्ता भएर सहयोग गर्ने

## अनुसूची चार :

## विद्यार्थीहरूसँग सोधिने प्रश्नावली

नाम : पद :

विद्यालय : ठेगाना :

१) कक्षामा तिमी कुन बेञ्चमा बस्छौ ? तिम्रो रोल नं. कति हो ?

.........................................................................................................

२) तिमीलाई मनपर्ने शिक्षक को हो र किन मनपर्छ ?

.........................................................................................................

३) तिमीलाई कुन विषय सबैभन्दा बढी मनपर्छ र किन ?

.........................................................................................................

४) कक्षामा पढाउँदा कुनै शिक्षकले भेदभाव गर्नु भएको थाहा छ ?

.........................................................................................................

५) शिक्षकहरूले गृहकार्य कतिको दिने गर्नुहुन्छ ?

.........................................................................................................

६) गृहकार्य गरेर नल्याउँदा कुनै दिन कुटाइ खाएका छौ ?

.........................................................................................................

७) शिक्षकहरूले पढाएको बुझ्न तिमीलाई गाह्रो भएको छ ? छ भने के कारणले गाह्रो भएको छ ?

.........................................................................................................

८) तिमीलाई के कस्ता शैक्षिक सामग्रीहरू बनाउन आउँछ ?

.........................................................................................................

९) तिमीले बनाएका शैक्षिक सामग्रीहरू कहाँ राखिएका छन ?

.........................................................................................................

१०) तिमीले अतिरिक्त क्रियाकलापहरूमा कटिपटक भाग लिएका छौं ? कुनै पुरस्कार पाएका छौ ?

.........................................................................................................

११) तिम्रो कक्षामा तिम्रा मिल्ने साथीहरू को को छन् ?

.........................................................................................................

१२) तिमीलाई घरमा बसिरहन मन लाग्छ कि विद्यालयमा नियमित आइरहन मन लाग्छ र किन ?

.........................................................................................................

## अनूसूची पाँच :

## अभिभावकसँग सोधिने प्रश्नावलीहरू

१) तपाइको नानी कुन विद्यालयमा र कति कक्षामा अध्ययन गरिरहेको छ ?

..........................................................................................................

२) तपाईको नानीलाई विद्यालय सम्म पुऱ्याउन जानुहुन्छ कि जानुहुन्न ?

..........................................................................................................

३) तपाईको नानी विद्यालय जान पाउँदा कतिको खुसी हुने गर्दछ ?

..........................................................................................................

४) तपाईको नानी विद्यालय जना पाउँदा खुसी हुने गरेको भए खुसी हुनुको कारण बुझ्नुभएको छ ?

..........................................................................................................

५) तपाईको नानीले विद्यालय जान नमानेको कुनै दिन तपाईलाई याद छ ?

..........................................................................................................

६) नानीको किन विद्यालय जान मान्दैन ?

..........................................................................................................

७) तपाईको नानीले गृहकार्य नगरेको वा अन्य कारणले गर्दा विद्यालयमा कुटाइ खाएको थाहा पाउनु भएको छ ?

..........................................................................................................

८) कुटेर केटाकेटी तह लाग्छन्, राम्रो पढ्छन् भन्ने मान्यतामा तपाई सहमत हुनुहुन्छ ? किन ?

..........................................................................................................

९) तपाईको नानीले विद्यालयको पढाइ वा अन्य अतिरिक्त क्रियाकलापहरूमा राम्रो गरेवापत पुरस्कारहरू कतिको पाउने गरेको छ ? भए के के पाएको छ ?

..........................................................................................................

१० विद्यालयको अलावा तपाईल आफ्नो नानीको पढाइमा सहयोग पुऱ्याउन घरमा कस्तो वातावरण सृजना गर्नुभएको छ ?

..........................................................................................................

## अनुसूची छ :

## स्रोतव्यक्तिसँग सोधिने प्रश्नावली

नाम : पद :

स्रोतकेन्द्र : जिल्ला :

१) तपाई यस स्रोतकेन्द्रको स्रोतव्यक्तिका रूपमा कहिलेबाट कार्यरत हुनुहुन्छ ?

..............................................................................................................

२) यस स्रोतकेन्द्र अन्तर्गत कतिवटा विद्यालयहरू सञ्चालनमा छन ?

..............................................................................................................

३) यस स्रोतकेन्द्र अन्तर्गतका जम्मा विद्यालयहरूमध्ये कतिवटा विद्यालयहरूमा बालमैत्री अवधारणा लागू भइरहेको छन् ?

..............................................................................................................

४) बालमैत्री विद्यालयहरूमा कक्षाकोठा व्यवस्थापनको अवस्था कस्तो छ ?

..............................................................................................................

५) बालमैत्री विद्यालयहरूमा स्रोत साधन पर्याप्त पुगिरहेको छ या अभाव रहेको छ ?

..............................................................................................................

६) बालमैत्री कक्षा शिक्षण गर्ने शिक्षकहरू बालमैत्री अवधारणा अनुसारका सिकाई क्रियाकलाप सञ्चालन गर्न सक्षम छन् कि छैनन् ?

..............................................................................................................

७) शिक्षकहरूलाई बालमैत्री कक्षाकोठा व्यवस्थापन सम्बन्धी तालिम पर्याप्त छ या खाँचो छ?

..............................................................................................................

८) बालमैत्री कक्षाकोठा व्यवस्थापन कार्यमा कसको जिम्मेवारी बढी रहने गर्दछ ?

..............................................................................................................

९) एउटा कक्षाकोठा बालमैत्री पूर्ण हुनका लागि के कस्ता न्यूनतम पूर्वसर्तहरू पूरा भएको हुनुपर्छ ?

..............................................................................................................

१०) बालमैत्री कक्षाकोठा व्यवस्थापनको क्षेत्रमा के कस्ता समस्याहरू विद्यमान रहेका छन् ?

..............................................................................................................

११) तपाई एक स्रोत व्यक्ति भएको नाताले बालमैत्री कक्षाकोठामा देखिएका समस्याहरू समाधानका लागि के कस्ता सुझावहरू दिनुहुन्छ ?

..............................................................................................................

# अनुसूची सात :

## खेलको माध्यमबाट सिकाइ तालिका

| क.स. | खेलहरू | विषय/पाठ्यवस्तु | प्रक्रिया |
|---|---|---|---|
| १ | Run to the board | गणित सङ्ख्याको ज्ञान | दुई समूहमा विद्यार्थीहरू एक/एक गरी कालोपाटीमा पुगेर सङ्ख्या देखाउने |
| २ | लुडो खेल | गणित, जोड, घटाऊ | लुडोको गोटी गुडाएर पल्टेको सङ्ख्या जति नै पाइला हिँड्न लगाउने |
| ३ | कुनामा जाउ | भाषा, अक्षर चिनारी | शिक्षकले अक्षर उच्चारण गरेपछि गोलो घेराका विद्यार्थीहरू आफूसँग भएको सो उच्चारण गरिएका कार्ड देखाएर अक्षर कुनामा जाने |
| ४ | Run to the Side | विज्ञान, रङको ज्ञान | शिक्षकले रङको नाम भन्नासाथ दुई समूहमा बसेका विद्यार्थीले दुई छेउबाट सोही रङको कार्ड टिपेर ल्याउने |
| ५ | शब्द भऱ्याङ (शब्दमाला) | भाषा, शब्द निर्माण | शिक्षकले दिएको कुनै शब्दको एउटा अक्षरको प्रयोग गरेर अर्को शब्द बनाउँदै बनाउँदै जाने शब्दमाला खेल । |

| क. स. | | उत्तरदाताको सङ्ख्या |
|---|---|---|
| १ | सधैं सक्रिय रहने | ज्ञट |
| २ | आवश्यकता अनुसारा सक्रिय हुने | द्ध |
| ३ | विद्यार्थीको उत्प्रेरक | ज्ञट |
| ४ | विद्यार्थीको सहयोगी मित्र | ज्ञट |
| ५ | निर्देशक र पथ प्रदर्शक | ज्ञट |
| ६ | कडा स्वभावमा प्रस्तुत हुने | ज्ञद्द |
| ७ | औपचारिकता मात्र निभाउने | ण |
| | जम्मा | १६ जना |

